नगर उपप्रमुख बिना कार्की ज्यूले
दुल्लू नगरपालिकाको नगरसभाको १५ औं अधिबेशनमा प्रस्तुत गर्नु भएको

दुल्लू नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को

# बजेट वक्तव्य

## दुल्लू नगरपालिका

दुल्लू, दैलेख

२०८१ असार १० गते

**यस गरिमामय पन्ध्रौं नगरसभाका सभाध्यक्ष ज्यू**
**नगरसभाका सदस्य ज्यूहरु,**
**नगरसभाका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कर्मचारीहरु**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) बमोजिम दुल्लू नगरपालिकाको नगर उप प्रमुखको हैसियतले **"समृद्ध र आत्मनिर्भर दुल्लूको परिकल्पना सहित दुल्लू नगरपालिकाको पहिचान, ऐतिहासिक, पुरातात्त्विक सम्पदाको संरक्षण र बिकास हाम्रो अभियान"** भन्ने मूल नाराकासाथ सञ्चालन हुन गईरहेको यस दुल्लू नगरपालिकाको नगरसभाको १५ औं अधबिशनमा नगरपालकिाको आर्थकि वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस अवसरमा लोकतन्त्रको प्राप्ति तथा संङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न समयमा गरिएका आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै विभिन्न समयमा जनआन्दोलनको क्रममा घाइते तथा बेपत्ता हुनुभएका योद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु ।मिति २०८० साल माघ २२ गते दिवगंत हुनु भएका दुल्लू नगरपालिका वडा नम्बर १३ का वडा अध्यक्ष वृर्ष बहादुर शाहीको दिवगंतआत्माको चीरशान्तीको कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै स्थानीय तहको दोश्रो कार्यकालको लागि सम्पन्न भएको निर्वाचन पश्चात गठन भएको स्थानीय सरकारको दुई वर्ष व्यतीत भईसकेको छ । विश्व महामारीको रुपमा फैलिएको कोभिड १९ ले थला परेको आर्थिक अवस्था, न्यून आन्तरिक

आयको कारण सङ्घीय सरकार र प्रदेश सरकारको अनुदानमा भर पर्नुपर्ने परिस्थिती तथा सिमित श्रोत साधनहरुको उपयोग मार्फत जनताका असिमित चाहना र आवश्यकताहरुको परिपूर्ति गर्दै स्थानीय सरकारलाई जनताको नजिकको सरकारको रुपमा स्थापित गर्नु हाम्रो सामु चुनौतिको रुपमा रहेको परिप्रेक्ष्यमा विगत २ वर्षमा प्राप्त भएका अनुभवहरुको आधारमा नगरबासीको आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक रुपान्तरण लगायत सुशासन, सेवा प्रवाह, पूर्वाधार विकास, सामाजिक समावेशीकरण, रोजगारी सिर्जना, गरिबी न्यूनिकरण, वातावरण संरक्षण, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको संरक्षण, दिगो विकास, विपद् जोखिम व्यवस्थापन, आन्तरिक आम्दानीमा वृद्धि, विकासका प्रतिफलहरुको समानुपातिक वितरण, विकासका लागि साझेदारी जस्ता विषयहरुलाई प्राथमिकतामा राखी विकेन्द्रीकरणको अवधारणा बमोजिम आगामी आर्थिक वर्ष २०८१।०८२ को वजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम नगर कार्यापालिकाको बैठकबाट योजना तर्जुमा कार्यतालिका तय गरी सोही दिग्दर्शन बमोजिम निम्न प्रक्रिया अपनाईएको छ ।

क) आन्तरिक आयको अनुमान,

ख) नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट अनुदान, राजस्व बाँडफाँड तथा रोयल्टीको सीमा र मार्गदर्शन प्राप्त,

ग) श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिबाट वजेट तथा कार्यक्रमका प्राथमिकता निर्धारणका आधार तथा विधि तयार, कूल बजेट अनुमान, सीमा निर्धारण र वजेट तर्जुमा सम्वन्धी मार्गदर्शन तयार गरी सवै वडाहरुमा जनसंख्या, भूगोलका आधारमा न्यायोचित रुपमा बजेट बाँडफाँट,

घ)सवै वडाका निर्वाचित जनप्रतिनिधिज्यूहरु तथा कर्मचारीहरुलाई योजना तर्जुमा प्रक्रिया सम्वन्धी अभिमुखिकरण,

ङ)वस्ती स्तरवाट योजना छनौट तथा प्राथमिकीकरण,

च)वडास्तरवाट योजना छनौट तथा प्राथमिकीकरण,

छ) विषयगत समितिबाट योजना र कार्यक्रमहरुको विषय क्षेत्रगत वर्गीकरण र प्राथमिकीकरण,

ज) लक्षित वर्गको उत्थान तथा विकासमा जोड सहित समावेशीकरण हुने गरी बजेट तथा कार्यक्रमहरुको बाँडफाँट र प्राथमिकीकरण,

झ) बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकवाट वजेट तथा कार्यक्रमको प्राथमिकिकरण सहितको प्रस्ताव तयार गरी कार्यपालिका समक्ष पेश,

ञ) नगर कार्यपालिकाको वैठकमा बजेट तथा कार्यक्रम माथि छलफल तथा स्वीकृतिका लागि नगर सभामा पेश

**सभाध्यक्ष महोदय,**

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान (२०७२), चालु १६ औं पञ्चवर्षीय योजना, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु, नगरपालिकाको मध्यकालिन खर्च संरचना तथा आगामी वर्षको नीति तथा कार्यक्रम, विभिन्न राजनीतिक दलहरु, नागरिक समाज, पत्रकार, वुद्दिजिवीहरु तथा विकास साझेदारहरुबाट प्राप्त सुझावहरु, नगरपालिकाको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा साँस्कृतिक अवस्था लगायत निम्न आधारहरु लिईएको छ।

क) गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

ख) उत्पादनमुलक र छिटो प्रतिफल दिने,

ग)आन्तरिक आय, राजश्व परिचालन र वृद्धिमा योगदान पुर्याउने,

घ)सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,

ङ)स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,

च)लैगिक समानता तथा सामाजिक समावेशीकरणमा टेवा पुर्याउने,

छ) दिगो विकास, वातावरण र विपद व्यवस्थापनमा योगदान पुर्याउने,

ज) जलवायू परिवर्तन अनुकूलन क्षमताको विकास गर्ने,

झ) दुल्लू क्षेत्रको धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्वका सम्पदाको संरक्षणमा योगदान पुर्याउने,

ञ) दुल्लू क्षेत्रको पर्यटकीय विकास गर्ने,

ट)पोषण तथा खाद्य सुरक्षामा सहयोग पुर्याउने,

ठ)स्वास्थ्य सेवालाई प्रभावकारी एवम् विस्तारित वनाउने,

ड)शिक्षालाई प्राविधिक एवम् व्यवहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाउने,

**सभाध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्ष ०८०।०८१ को हालसम्मको बजेट तथा कार्यक्रमको संक्षिप्त समीक्षा तथा हालसम्मका प्रमुख उपलव्धीहरुको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| बजेट शीर्षक | बजेट रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ७५,४६,६४,९४९.०० (पचहत्तर करोड छयालिस लाख चौसठ्ठी हजार नौसय उनान्पचास रुपैंया) | ५०,४१,९०,७५९.१० (पचास करोड एकचालिस लाख नब्बे हजार सातसय उनान्साठी रूपैयाँ दश पैसा) | ६६.८१ |

| | | | |
|---|---|---|---|
| पुँजिगत | २९,८७,१३,८१८.०० (उनान्तिस करोड सतासी लाख तेह्र हजार आठसय अठार रुपैंया) | १५,२६,३२,२४१.७० (पन्ध करोड छब्बिस लाख बत्तिस हजार दुई सय एकचालिस रूपैया सत्तरी पैसा) | ५१.१० |
| जम्मा | १,०५,४३,६८,७६७.०० (एक अर्ब पाँच करोड त्रिचालिस लाख अटसठ्ठी हजार सातसय सतसट्टी रूपैंया) | ६५६९८३०००.८७ (पैसठ्ठी करोड उनानसत्तरी लाख त्रियासी लाख रूपैंया सतासी पैसा) | ६२.३१ |

चालु आर्थिक वर्ष २०८०।०८१ को हालसम्मको आन्तरिक आय तथा राजश्व बाँडफाडँको प्रगति यस प्रकारको रहेको छ ।

| विवरण | आ.व.२०८०/८१ को कुल अनुमानित आय | हालसम्मको यथार्थ आम्दानी | प्रगति प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय (मालपोत सहित) | १,००,००,०००.०० (एक करोड) | ७३,६१,११५.६४ (त्रिहत्तर लाख एकसट्टी हजार एक सय १५ रुपैंया ६४ पैसा) | ७३.३८ |
| राजश्व बाँडफाडँ संघ | १२,११,४३,०००.०० (बाह्र करोड एघार लाख त्रिचालिस हजार) | ८,९६,०८,९२८.४४ (आठ करोड छयानब्बे लाख आठ हजार नौसय अठ्ठाइस | ७३.९६ |

| | | | |
|---|---|---|---|
| | | रुपैंया चौवालिस पैसा) | |
| राजश्व बाँडफाडँ प्रदेश | ६३,७०,९७०.०० (त्रिसठ्ठी लाख सत्तरी हजार नौसय सत्तरी रुपैंया) | ५७,१४,२८९.०० (सत्ताउन्न लाख चौध हजार दुई सय उनानब्बे रुपैंया) | ८९.७० |
| राजश्व बाँडफाडँ मालपोत | २०,००,०००.०० (बिस लाख रूपैंया) | १५,२८,४२०.८० (पन्ध लाख अठ्ठाइस हजार चार सय बिस रूपैया असि पैसा) | ७६.४२ |

अब म चालु आर्थिक वर्षको हालसम्मको क्षेत्रगत बजेट तथा खर्चको प्रगति प्रगति यस प्रकारको रहेको छ

| क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४,७६,२८,०००.०० (चार करोड छहत्तर लाख अठ्ठाइस हजार रूपैंया) | १,७३,५८,९१४.०५ (एक करोड त्रिहत्तर लाख अन्ठाउन्न हजार नौ सय चौध रुपैंया पाँच पैसा) | ३६.४५ |
| सामाजिक विकास | ६६,२१,३८,६८४.०० (छैसठ्ठी करोड एक्काइस लाख अटतिस हजार छ सय चौरासी रुपैंया) | ४४,४६,३९,१०४.०७ (चौवालिस करोड छयालिस लाख उनान्चालिस हजार एक | ६७.१६ |

| | | | |
|---|---|---|---|
| | | सय चार रुपैंया सात पैसा) | |
| पुर्वाधार विकास | १४,९९,१५,७७५.०० (चौध करोड उनानसय लाख पन्ध्र हजार सातसय पचहत्तर रुपैंया) | ७,६४,२३,०६४.३७ (सात करोड चौसठ्ठी लाख तेइस हजार चौसठ्ठी रुपैंया सैतिस पैसा) | ५०.५८ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ५,४६,१०,११६.०० (पाँच करोड छयालिस लाख दश हजार एकसय स्रोह्र रूपैंया) | ३,३१,२८,७२४.९८ (तिन करोड एकतिस लाख अठ्ठाइस हजार सात सय चौविस रुपैंया अन्ठानब्बे पैसा) | ६०.६६ |
| कार्यालय संचालन तथा प्रशासनिक | १४,००,७६,१९२.०० (चौध करोड छहत्तर हजार एक सय बयानब्बे रूपैंया) | ८,५४,३३,१९३.७३ (आठ करोड चौवन लाख तेत्तिस हजार एक सय त्रिरानब्बे रुपैंया त्रिरहत्तर पैसा) | ६०.९९ |
| जम्मा | १,०५,४३,६८,७६७.०० (एक अर्ब पाँच करोड त्रिचालिस लाख अटसठ्ठी हजार सातसय सतसट्ठी रूपैंया) | ६५६९८३०००.८७ (पैसठ्ठी करोड उनानसत्तरी लाख त्रियासी लाख रूपैंया सतासी पैसा) | ६२.३१ |

चालु खर्च तर्फको रकम नगरपालिकाका कर्मचारी, पदाधिकारी, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कार्यालय संचालन सम्वन्धि शीर्षकमा खर्च

भएको छ भने पूजिगत खर्च तर्फको रकम नगरस्तरीय र वडास्तरीय योजना तथा कार्यक्रम र विषयगत शाखाका कार्यक्रम तथा योजनाहरु तर्फ खर्च भएकोछ ।

**सभाध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्ष २०८०।०८१ मा हालसम्म भएका क्षेत्रगत उपलव्धीहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१.पूर्वाधार विकास क्षेत्र तर्फ :**

१.१. नगरपालिकाले नागरिकहरुलाई प्रदान गर्ने सार्वजनिक सेवालाई जनमुखि बनाउनका लागि लिफ्ट सहितको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न भई हाल सोही भवन बाटै सेवा प्रबाह भई रहेको छ ।

१.२. संघीय सरकार र कर्णाली प्रदेश सरकारको समपुरक र विशेष अनुदानबाट नगरपालिकाको समेत साझेदारीमा प्राकृतिक श्रोत व्यवस्थापन कलेज छात्राबास निर्माण, पञ्चकोशी वहुप्राविधिक शिक्षालय प्रशासनिक भवन र ल्याब भवन निर्माण, नरेश्वर उद्यमशील विद्यालय छात्रावास भवन निर्माण कार्य सञ्चालन भईरहेको छ ।

१.३. दुल्लू ईन्जिनियरिङ कलेजको स्थापनाका लागि जग्गा प्राप्त गर्न आवश्यक प्रक्रिया अगाडी बढाइएको छ भने सम्बन्धनका लागि आवश्यक समन्वय भइरहेको छ ।

१.४. सामाजिक विकास कार्यालय दैलेख मार्फत् नेपाल राष्ट्रिय आधारभूत विद्यालय दुल्लू ५ रिजुपोखराको लागि ४ कोठे भवन निर्माण त्यस्तै सरस्वती मा. वि. कृष्णकोट दुल्लू नपा ४ र सरस्वती देबी मा. वि. विनायक दुल्लू नपा १३ मा भौतिक पूर्वाधार विकास तर्फ भवन निर्माण तथा अन्य पूर्वाधार निर्माणका कार्यहरु भईरहेका छन् त्यस्तै कालिकादेबी मावि हाडेआवत,

महेन्द्रजयदेबी मावि छिउडीपुसाकोट विद्यालयमा पूर्वाधार निर्माणका कार्य भई रहेका छन् ।

१.५. कर्णाली प्रदेश सरकारको सशर्त अनुदानबाट वडा नम्बर १३ मा २ वटा सिचाई पोखरी , १ वटा खानेपानी र दह छारेडाँडा सडकको ३७४० मिटर स्तरोन्नती, पूर्वाधार विकास कार्यालय दैलेख मार्फत बैंक सुनार टोल र माथिल्लो डुङ्गेश्वर बैंक सडकको २५०० मिटर स्तरोन्नती गर्ने कार्य सहित जम्मा ६२४० मिटर सडकको स्तरोन्नतीको कार्य भएको छ ।

१.६. द्रोणाचल वहुमुखी क्याम्पसको प्रशासकनिक र शैक्षिक भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ त्यस्तै विजया माध्यमिक विद्यालयमा नमुना विद्यालय कार्यक्रम अन्तरगत विभिन्न भौतिक पूर्वधार निर्माणका कार्यहरु भई रहेका छन् भने अन्य थुप्रै विद्यालयमा पूर्वाधार विकासको कार्य भएको छ ।यस्ता समग्र प्रयासबाट विद्यालय शिक्षाका साथै मध्यम र उच्च शिक्षा प्राप्तिका लागि समुचित वातावरण निर्माण भई दुल्लू नगरपलिकाका शिक्षण संस्थाहरुको संस्थागत सवलीकरण तथा गुणस्तरीय र व्यावसायिक शैक्षिक जनशक्ति उत्पादन हुने अपेक्षा गरिएको छ ।

१.७. एक वडा एक खेलमैदान भन्ने नारालाई आत्मसाथ गर्दै दुल्लू नगरपालिकाका वडा नं १, ४,५, ६,८ र वडा नम्वर ५ को चाखाबारीमा खेलकुद मैदान निर्माण भएका छन् भने वडा नम्बर १३ स्थित विनायकमा प्रदेश स्तरको रंगशाला निर्माणका लागि पूर्वाधार निर्माणको आवश्यक कार्य भई रहेको छ ।

१.८. कर्णाली प्रदेश सरकारको आर्थिक सहयोगमा सुरक्षित नागरीक आवास र विपन्न नागरिक आवास कार्यक्रम अन्तर्गत यसै आर्थिक बर्षमा १४ वटा आवास इकाई निर्माण भईरहेका छन् त्यस्तै संघीय सरकारको सशर्त अनुदानबाट खरको छाना विस्थापन गर्ने कार्यक्रम अन्तर्गत चालु आर्थिक

बर्षमा ४४ वटा घरधुरीको खरको छाना विस्थापन गर्ने कार्य भएको छ भने हाल सम्म यस नगरपालिकाका जम्मा ३१६ घरधुरीको खरको छाना विस्थापन गरी उक्त घरहरुमा टिनको छाना लगाउने कार्य सम्पन्न भएको छ ।

१.९. कर्णाली प्रदेश सरकारको सशर्त अनुदान तर्फ रु १ करोडको लागत र यस नगरपालिकाको रु ५० लाखको लागतमा हालै मात्र दुल्लू अस्पतालको भौतिक पूर्वाधार निर्माण गरी सेवा प्रवाहलाई थप व्यवस्थित र सुदृढ बनाउन आवश्यक कार्य गरिएको छ ।

१.१०. यस नगरपालिका भित्रका ३२९ जना अव्यवस्थित वसोवासी र ६० जना भूमीहिन दलित र ७ जना भूमीहिन सुकुम्वासी गरी जम्मा ३९६ जनालाई निजहरुले हाल प्रयोग गरिरहेको जग्गाको अस्थायी निस्सा जिल्ला भुमि आयोग दैलेखको सहयोग वितरण गरिसकिएको छ ।

१.११. यस नगरपालिकाबाट चालु आर्थिक वर्षको हालको अवधिमा नक्सापास गरी २ वटा सुपर स्ट्रक्चर निर्माण ईजाजत र ४ वटा भवन निर्माण कार्य सम्पन्न भएका छन् ।

१.१२. संघीय सरकार र कर्णाली प्रदेश सरकारबाट दुल्लू नगरपालिका क्षेत्रमा मध्यपहाडी लोकमार्ग, कर्णाली राजमार्गको थप व्यवस्थापकीय कार्य र तल्लो डुंगेश्वर दुल्लू पिपलकोट सडक, माथिल्लो डुंगेश्वर दुल्लू व्याउली नाक्चेलाग्ना सडक विस्तार र स्तरोन्नतिका कार्य भईरहेका छन् ।

१.१३. लामो समय देखि अलपत्र परेको दुल्लू नगरपालिकाको मुख्य वजार क्षेत्रमा रहेको दुल्लू किर्तिखम्ब देखि घियातिदु जिरो पोइन्टसम्मको सडक र छिउडीपुसाकोट देखि रातिमाटासम्मको सडकको कालो पत्रे गर्ने कार्यका

लागि संघीय सरकारको सहयोगमा सडक डिभिजन कार्यालय सुर्खेत मार्फत ठेक्का आह्वान गरिएको छ ।

१.१४. नगरपालिका क्षेत्रमा रहेका करीब ३४० किलो मीटर भन्दा बढी नगर स्तरीय र वडा स्तरीय सडकहरु मर्मत सुधार, नाला निर्माण, RCC, PCC, ग्याँविन जालि, कल्भट लगाएत अन्य स्तरोन्नतिका कार्य गरी यातायातलाई सहज बनाईएको छ । भू स्खलन हुन नदिन वातावरण संरक्षण गर्न अत्याबश्यक बाहेक नयाँ सडक निर्माणका लागि ट्र्याक खोल्ने कार्यलाई वन्देज गरिएको छ ।

१.१५. दुल्लू नपा र गुराँस गापालाई जोड्ने गरी बान्द्रेखोला र काउलेखोलामा २ वटा झोलुंगे पुल निर्माणको कार्य यसै आर्थिक वर्षमा सम्पन्न भएको छ र नाभिस्थान मन्दिर क्षेत्र नजिक नाभिस्थान खोलामा पक्की मोटरेवल पुल निर्माण तथा दुल्लू नपा वडा नम्बर १३ लाई जोड्ने गरी रतिखोला मोहोरामा झोलुंगे पुन निर्माणको कार्य भई रहेको छ ।

१.१६. दुल्लू नगरपालिकाको अधिकांश भू-भागमा करीब ९२ प्रतिशतमा विद्यूतीकरण कार्य सम्पन्न हुने चरणमा छ भने बाँकी क्षेत्रहरुमा यस नगरपालिका र नेपाल विद्युत प्राधिकरणसंगको साझेदारीमा थप विद्युतीकरणको कार्य भई रहेको छ ।

१.१७. दुल्लू नगरपालिकाको स्थानीय पूर्वाधारको दिगो सञ्चालनका लागि पूर्वाधार विकास आयोजना सञ्चालन कार्यविधि २०७९, पूर्वाधार मर्मत संभार कोष सञ्चालन कार्यविधि २०७९ र हेभी ईक्वीप्मेण्ट सञ्चालन कार्यविधि २०७९ तर्जुमा गरी लागु गरिएको छ। नगरपालिकाले आफ्नो कुल पुँजीगत बजेटको ५ प्रतिशत रकम एकमुष्ट विनियोजन गरी सडक लगायतका संरचना मर्मत संभार गर्ने कार्य भैरहेको छ ।

१.१८. संघीय खानेपानी आयोजना अन्तर्गत कर्णाली कोटथाला र लोहोरे मालिकामा लिफ्ट खानेपानी योजनाको काम द्रूतगतीमा अगाडि बढीरहेको छ भने वारतडी लिफ्टिङ्ग खानेपानी योजना, ठूल्धारा लिफ्टिङ्ग खानेपानी योजना, मुल्की लिफ्टिङ्ग खानेपानी योजना लगायत अन्य स-साना खानेपानी योजना सम्पन्न हुने अवस्थामा पुगेबाट करीब ८० प्रतिशत घरधुरीमा खानेपानी सुविधा पुग्ने आँकलन गरिएको छ ।

१.१९. चालु आर्थिक वर्षमा सञ्चालित जनतासँग नगर प्रमुख कार्यक्रम अन्तरगत २८ वटा योजना तथा कार्यक्रम तथा जनतासँग नगर उप प्रमुख कार्यक्रम अन्तरगत १७ वटा योजना तथा कार्यक्रम कार्यान्वयन गरिएको छ ।

१.२०. चालू आर्थिक वर्षमा सडक वोर्ड नेपालको अनुदानमा चौतारा डिट्टाधारा सातखम्ब सडकको ३.५ किलोमिटर स्तरोन्नतीको कार्य भै रहेको छ । त्यस्तै स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गत विभिन्न वडाका ९ वटा सडकको ७.६ किलोमिटर स्तरोन्नती तथा मर्मत सुधार कार्यसम्पन्न हुने चरणमा छन् ।

१.२१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत चालु आर्थिक बर्षमा विनियोजित बजेट बाट नगरपालिकाका वडा नम्बर १, २, ३, ४, ६, ८ र १२ मा भौतिक पुर्वाधार निर्माण सम्वन्धी १० वटा योजनाहरु संचालन गरी १५० जना बेरोजगार व्यक्तिलाइ अल्पकालिन रोजगारी सिर्जना गरिएको र मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत विनियोजित बजेट बाट यस नगरपालिकाका ९ वटा वडामा ९ वटा भौतिक पुर्वाधारजन्य योजनाहरु संचालन भई ४१० जना रोजगारी सृजना भएको छ ।

१.२२. दुल्लू नगरपालिका र यु.एस.ए.आइ.डी/हेल्भेटास नेपाल, सोसेक नेपाल र यस नगरपालिकाको साझेदारीमा नगरपालिकाका वडाहरू १, ५, ८, १०

र १२ नम्बरमा गरी ५ वटा खानेपानी ट्याङ्की तथा धारा निर्माण कार्य भइरहेको छ। जसले गर्दा ३४६ घरधुरीलाई प्रत्यक्ष रूपमा खानेपानी सेवा पुगेको छ।

१.२३. स्थानीय पुर्वाधार सहयोग कार्यक्रम तर्फ चालु आर्थिक बर्षमा सिँचाई कुलो २ वटा, खानेपानी योजना १ वटा, वडा कार्यालय घेरवार २ वटा निर्माण गरिएको छ । त्यस्तै कर्णाली प्रदेश सरकार मार्फत २ वटा सिँचाई पोखरी, १ वटा खानेपानी योजना निर्माण गरिएको छ र विभिन्न वडाहरुमा २६ वटा खानेपानी योजना निर्माण तथा मर्मत र १२ वटा सिँचाई पोखरी निर्माण तथा मर्मत भएका छन् ।

१.२४. USAID/TAYAR Nepal को सहयोगमा वडा नम्बर १ देउतीचौरमा पहिरो नियन्त्रणको निर्माण कार्य भइरहेको, वडा नम्बर १३ स्थित प्राकृतिक स्रोत व्यवस्थापन कलेजमा बोटानिकल गार्डेनका लागि बितृत प्राविधिक प्रतिबेदन तयार तथा वडा नम्बर ९ मा २४० मिटर लम्बाइ भएको सिंचाइ कुलो मर्मत कार्य भइरहेको छ, जसले गर्दा करीब १९ हेक्टर जमिन सिंचित हुनेछ ।

१.२५. एभरेष्ट क्लब अन्तर्गत पावर 4 एवाई परिजना मार्फत २१ वटा शौचालय निर्माण, कवास परियोजनाबाट ४ वटा खानेपानी निर्माण र स्वच्छता परियोजनाबाट ७ वटा खानेपानी तथा शौचालय निर्माण कार्य भइरहेका छन्।

१.२६. हेल्भटास नेपालको सहयोगमा दुल्लू खानेपानी व्यवस्थापन बोर्डको समन्वयमा यस नगरपालिकामा संचालन भएको हेलो धारा कार्यक्रम अन्तर्गत ५६ वटा ठुला मुहान सूचिकृत भएका छन् भने उक्त मुहानको प्रारम्भिक सर्भे सकिएको छ ।

१.२७. संघीय सरकारको सहयोगमा पञ्चकोशी क्षेत्रको विकास तथा पुर्वाधार निर्माण कार्यक्रम तर्फ चालु आर्थिक बर्षमा नाभिस्थान पुर्वाधार निर्माण, पटाङ्गीनी धर्मबद्दी पूर्वाधार निर्माण, मालिका मन्दिर पूर्वाधार निर्माण, तल्लोडुङ्गेश्वर मन्दिर र धुलेश्वर मन्दिर क्षेत्रमा पूर्वाधार निर्माणका कार्य भई हरेका छन् ।

१.२८. "एक घर एक धारा" भन्ने नारालाई सार्थक बनाउन तथा नगरपालिका भित्रको खानेपानी व्यवस्थापनलाई जनमुखि बनाउने उदेश्यका साथ दुल्लू नगरपालिका अन्तरगत रहने गरी दुल्लू खानेपानी व्यवस्थापन बोर्डको गठन गरी सो बोर्ड मार्फत खानेपानी संरक्षण र विकास सम्बन्धी कार्यहरु भई रहेका छन् ।

१.२९. "सरसफाई युक्त सुन्दर नगर, हामी सबैको रहर" भन्ने मुख्य उदेश्यका साथ यस नगरपालिकामा २ जना सडक सरसफाई कर्ता नियुक्ति गरी दैनिक सडक सरसफाईका कार्य भई रहेको छ भने हरेक महिनाको २ र १६ गते टिप्पर मार्फत फोहोर उठाउने कार्य भई रहेको छ ।

## २.<u>सामाजिक विकास क्षेत्र:</u>

### <u>आयुर्बेद सेवा तर्फ</u>

१. विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रमबाट दुल्लू नगरपालिका अन्तरगत ४ वटा माध्यमिक विद्यालयका २७० जना विद्यार्थीले आयुर्वेद तथा योग सम्बन्धी ज्ञान हासिल गरेका छन।

२. दुल्लू नगरपालिका वडा नं १३ विनायकमा नियमित गाउँघर क्लिनिक मार्फत ६६० जना विरामीको स्वास्थ्य उपचार गरिएको छ ।

३. पंचकर्म पूर्वकर्म कार्यक्रमबाट स्नेहन, स्वेदन तथा शिरोधारा जस्ता कार्यक्रमद्वारा बाथरोग ,नसारोग, मोटोपन र शिरोरोगका विरामिहरु लाभान्वित भएका छन।

४. जेष्ठनागरिक सेवा मार्फत जेष्ठ नागरिकहरुलाइ स्वास्थ्य परीक्षण र रसायन औषधी निशुल्क वितरण गरी स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम गरिएको छ ।

**शिक्षा सेवा तर्फ**

१. यस नगरपालिका अन्तरगत ११ वटा सामुदायिक सिकाई केन्द्र, ५६ वटा प्रारम्भिक वाल विकास कक्षा, २७ वटा कक्षा १ देखि ५ सम्म संचालित आधारभूत विद्यालय, १२ वटा कक्षा १ देखि ८ सम्म संचालित आधारभूत विद्यालय, २ वटा कक्षा १ देखि १० सम्म संचालित माध्यमिक विद्यालय, १२ वटा कक्षा १ देखि १२ सम्म संचालित माध्यमिक विद्यालय, २ वटा धार्मिक विद्यालय, ५ वटा संस्थागत विद्यालय, १ वटा प्राविधिक शिक्षालय र २ वटा क्याम्पस रहेका छन् ।

२. यस नगरपालिका अन्तरगतका विद्यालयमा हालसम्म प्राप्त विवरण अनुसार शैक्षिक सत्र २०८१ मा प्रारम्भिक वाल विकास कक्षामा १२६५ जना, कक्षा १ देखि ५ सम्म ६७२६ जना, कक्षा ६ देखि ८ सम्म ३२२३ जना, कक्षा ९ देखि १० सम्म १९३६ जना र कक्षा ११ र १२ मा ११८३ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

३. स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्नका लागि सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेतको सहयोग र दुल्लू नगरपालिकाको समन्वयमा निर्माणकर्ताहरूको प्रत्यक्ष सहजीकरणमा ८५ जना शिक्षक/कर्मचारीहरूलाई २ दिने अभिमुखिकरण कार्यक्रम संचालन गरी सोही अनुसार स्थानीय पाठ्यक्रमको कार्यान्वयन भई रहेको छ ।

४. शैक्षिक वर्ष २०८० को आधारभूत तह कक्षा ८ को नगरस्तरीय परीक्षामा ९११ जना विद्यार्थीहरू सम्मिलित परीक्षा संचालन, अनुगमन, नियमन तथा व्यवस्थापन गरिएको ।

५. ५४ वटै विद्यालयहरूलाई २ दिने क्षमता विकास तालिम कार्यक्रम संचालन गरी तालिम प्राप्त शिक्षक/कर्मचारीहरूहरूलाई परिचालन गरेर प्रारम्भिक बाल कक्षादेखि कक्षा ३ सम्म अध्ययन गर्ने ४०२० जना बालबालिकामा भएको अपाङ्गताको प्रारम्भिक पहिचान (Early Screening) गरिएकोमा १३६ जनामा अपाङ्गताको लक्षण देखिएको छ भने १७ जनालाई अस्पतालमा रिफर गरिएको छ । ।

६. चालु आर्थिक वर्षमा संघीय सरकारबाट यस नगरपालिकालाई प्राप्त शिक्षा तर्फको वजेट मध्ये एक वटा पुस्तकालय व्यवस्थापन अनुदान, २ वटा विज्ञान प्रयोगशाला व्यवस्थापन अनुदान र २ वटा विद्यालयमा ICT. व्यवस्थापन अनुदान कार्यान्वयनका लागि सम्झौता भइ कार्य सम्पन्न अन्तिमा चरणमा पुगेका छन् ।

७. दुल्लू नगरपालिकाको शैक्षिक क्रियाकलापलाई गतिशिल बनाउनका लागि नगर शिक्षा समिति, सामाजिक विकास समिति र प्रधानाध्यापक बैठक क्रमश: ३, १३ र ६ वटा बैठक बसी शिक्षक, कर्मचारी व्यवस्थापन, आधारभूत तहका लागि शिक्षण अनुदान वितरण, कक्षा थप अनुमति, सामुदायिक विद्यालयमा अक्षयकोष सञ्चालनसम्बन्धि कार्यविधि स्वीकृत लगायतका महत्वपूर्ण कामहरू भएका छन् ।

८. शैक्षिक सत्र २०८० सालमा एसइइ परीक्षामा सम्मिलित १३ माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण कार्य गरिएको जसले गर्दा माध्यामिक विद्यालयको शैक्षिक गुणस्तरको यथार्थ स्थिति पत्ता लगाउन सहजता भएको छ ।

९. शिक्षक सेवा आयोगबाट सिफारिस भइ यस नगरपालिकामा पदस्थापनका लागि आएका ९ जना शिक्षहहरूलाई दरबन्दी रिक्त रहेका विद्यालयमा पदस्थापना गरिएको छ ।

१०. ५६ जना बाल शिक्षकहरूका लागि प्रारम्भिक बाल विकास शिक्षाको पाठ्यक्रम अभिमुखिकरण सम्बन्धि १ दिने कार्यक्रम संचालन गरी प्रारम्भिक बाल विकासलाई प्रभावकारी बनाइएको छ ।

११. ११ वटै सामुदायिक सिकाइ केन्द्रहरुका परिचालक र व्यवस्थापन समितिका अध्यक्षहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन हुने सामुदायीक सिकाई केन्द्र व्यवस्थापन सम्बन्धी छलफल गरियो ।

१२. स्रोत कक्षा सञ्चालित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय दुल्लू- ७, कीर्तिखम्बमा कक्षा १ देखि १२ सम्मका १३ जना दृष्टिबिहिन वालबालिकाहरूको लागि स्थापना भएको स्रोतकक्षा सञ्चालन तथा व्यवस्थापनका आवश्यक कार्यहरु गरिएको छ ।

१३. एकीकृत पाठ्यक्रम सम्बन्धि कष्ठमाइज्ड तालिम कार्यक्रम ५४ वटै विद्यालयहरूका लागि तय गरिएकोमा ४९ वटा विद्यालयका शिक्षक/कर्मचारीहरूको सहभागितामा संचालन गरि शिक्षण सिकाई क्रियाकलापलाई प्रभाबकारी र नयाँ पाठ्यक्रम मार्फत संचालन गर्न सहजता भएको छ ।

१४. शिक्षा संगसंगै खेलकुद कार्यक्रमलाई बढवा दिनका लागि नगर प्रमुख कार्यक्रमबाट दुल्लू नगरपालिकामा सञ्चालित १५ वटै माध्यमिक विद्यालयहरूका लागि खेलकुद सामाग्री वितरण गरीएको र यस नगरपालिकाले निकट भविष्यमा संचालन गर्ने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि विद्यालयहरुलाई सहयोग पुगेको छ ।

१५. आधारभूत तह कक्षा १-५ सञ्चालित २७ सामुदायिक विद्यालयहरुका लागि लेखा व्यवस्थापन सम्बन्धी २ दिने क्षमता विकास तालिम र

आधारभूत तथा माध्यामिक विद्यालयका IT Focal शिक्षकहरूका लागि ३/३ दिने क्षमता विकास कार्यक्रम संचालन गरि विद्यालयको लेखा व्यवस्थापन र शिक्षामा सूचना प्रविधिको प्रयोग मार्फत् शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाइएको छ ।

१६. नेपाल दुरसंचार प्राधिकरणसँग र दुल्लू नगरपालिका संग भएको दोहोरो सम्झौता समन्वयमा आधारभूत तह सञ्चालित ३९ सामुदायिक विद्यालयहरुमा इन्टरनेट सेवा जडान गरिएको छ ।

१७. नगर प्रमुख तथा उपप्रमुख कार्यक्रम मार्फत यस नगरपालिका अन्तरगतका १७ सामुदायिक विद्यालयमा शौचालय मर्मत, खेल मैदान निर्माण, फर्निचर निर्माण, कम्प्युटर खरिद, पर्खाल निर्माण तथा शैक्षिक गुणस्तरका कार्यक्रमहरू सम्पन्न भएका छन् ।

१८. अस्थायी शिक्षण अध्यापन अनुमति प्रदान गर्ने प्रयोजनका लागि कार्यविधि निर्माण गरी सोहि बमोजिम परीक्षा सञ्चालन गरी ९ जनालाई माध्यामिक तह विज्ञान विषयको अस्थायी अध्यापन अनुमति पत्र प्रदान गरेको छ ।

१९. सामुदायिक विद्यालयहरूका प्रधानाध्यापहरू, सामाजिक विकास समितिका संयोजक र शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीहरू सम्मिलित भई अन्तर जिल्ला शैक्षिक भ्रमण कार्यक्रम मार्फत् सिकेका शिक्षण पेशाको सम्मान, सामूहिक कार्य सँस्कृतिको विकास, विद्यालय योजनाबद्धरूपमा सञ्चालन, भौतिकभन्दा शैक्षिक गतिविधिहरूमा जोडदिने जस्ता अशल अभ्यासहरू अनुसरण गरिएका छन् ।

## स्वास्थ्य सेवा तर्फ

१. जनताको पहुँचमा गुणस्तरिय आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गर्नका लागि आबश्यकताका आधारमा १ वटा अस्पताल, ९ वटा

स्वास्थ्य चौकी, ४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र ३ वटा शहरी स्वास्थ्य सेवा केन्द्र गरी जम्मा १७ वटा स्वास्थ्य संस्था मार्फत सेवा प्रवाह भई रहेकोछ ।

२. यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा हालसम्म विभिन्न तहका ५२ जना स्थायी, ५४ जना करार, ४ जना निक साइमन संस्थाबाट गरी जम्मा १११ जना स्वास्थ्य कर्मी कार्यरत रहेका छन् भने दुल्लू अस्पतालमा ३ जना मेडिकल अधिकृत र १ जना बायोमेडिकल अधिकृत मार्फत सेवा प्रबाह भई रहेको छ ।

३. बालबालिकाहरुमा हुने प्राणघातक संक्रामक रोगबाट बचाउनका लागि प्रति महिना ४९ वटा खोप केन्द्रबाट नियमित खोप सेवा प्रदान गरिएको छ जसमा चालु आ.ब को हालसम्ममा ४ हजार ८ सय ७६ जनालाई खोप सेवा प्रदान गरिएको छ भने सरसफाई सेसन संञ्चालन गरी सरसफाई प्रवर्द्धनका साथै सरसफाई सेसनमा ४ हजार ९ सय जनालाई खोप केन्द्र मार्फत सहभागी गराईएको छ ।

४. पुर्णखोप सुनिश्चितता तथा दिगोपनाका लागि जन्मेदेखी ५ बर्ष मुनिका बालवालिकाहरुमा पूर्ण खोपको अवस्था पत्ता लगाउनका लागि घरधुरी सर्वेक्षणका माध्यामबाट लाईन लिस्टिङ्ग गरी नियिमत खोपमा छुट भएका बालवालिकाहरुलाई खोपको दायरामा ल्याई पूर्णखोप सुनिश्चितता तथा दिगोपना कायम गरिएको छ ।

५. जन्मदेखी १५ महिना सम्मका पूर्णखोप लगाउने बालवालिकाहरुको हालसम्मको संख्या ५ सय ४२ रहेको छ ।

६. ४४ वटा गाँउघर क्लिनिक मार्फत हालसम्म ६ हजार ७ सय ७८ जनालाई प्राथिमक उपचार, परिवार नियोजन, सुरक्षित मातृत्व सेवा लगायतका सामान्य उपचार सेवा प्रदान गरिएको छ ।

७. समुदाय स्तरमा सचेतना तथा स्वास्थ्य प्रवर्दन क्रियाकलापमा संलग्न महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत २४ हजार ७ सय ६६ जना सेवाग्राहीलाई सेवा प्रदान गरिएको छ ।

८. दल्लू अस्पतालमा भएका सेवाहरुलाई विस्तार गर्दै र थय व्यवस्थित बनाउदै गुणस्तरिय बिशेषज्ञ सेवा सहित आधारभूत तथा आकस्मिक सेवा प्रवाह गर्नका लागि गुणस्तरिय प्रयोगशाला, एक्सरे सेवा, ईमर्जेन्सी सेवा, भिडियो एक्सरे सेवा, रगत दान गर्ने सेवा समेत प्रदान गर्नुका साथै सिजरियन सेक्सन (Cesarean Section) सहितको सुरक्षित प्रसुति सेवा प्रदान गरिएको छ । चालु आर्थिकको हालसम्म १६ जना व्यक्तिहरुलाई सिजरियन सेक्सनद्धारा सेवा प्रदान गरिएको छ ।

९. ६७२६ जना बालबालिकाहरूले जुका बिरुद्धको औषधी र ७५६ जना किशोर किशोरीहरुका लागि आईरन चक्की वितरण कार्यक्रम कार्यन्वयन गरिएको छ ।

१०. दुल्लू नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकि दुल्लू अस्पतालको रिफरमा थप उपचारका लागि बाहिर लिएका १७ जना सुत्करी आमाहरुलाई एम्बुलेन्स खर्च उपलब्ध गराइएको छ ।

११. बालवालिकाहरुमा रहेको कुपोषणको अबस्थामा सुधारमा ल्याउनका लागि १७ वटै स्वास्थ्य संस्थाबाट शिशु तथा वाल्यकालीन पोषण कार्यक्रम लागु गरिएको छ ।

१२. शहरी स्वास्थ्य केन्द्र विनायक र दुल्लू अस्पतालमा शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन गर्ने उद्देश्यले बहिरंग उपचार केन्द्र (ओ.टि.सि.) सेन्टर स्थापना गरि सेवा संचालन गरिएको छ भने हालसम्म ओ.टि.सि. सेन्टरमा कुपोषणको एकिकृत व्यवस्थापनमा सिघ्र कुपोषित ३२ जना बालवालिका दर्ता भई उपचार व्यवस्थापन पश्चात कुपोषणको अवस्थामा सुधार भएको देखिन्छ ।

१३. सुरक्षित गर्भपतन सेवालाई बिस्तार गरी असुरक्षित गर्भपतनका कारणले मातृ स्वास्थ्यमा पार्ने नकारात्मक प्रभाव कम गर्नका लागि दुल्लू अस्पताल, स्वास्थ्य चौकी कालभैरब, नेपा स्वास्थ्य चौकी र पास नेपालको सहयोगमा मालिका स्वास्थ्य चौकीमा सुरक्षित गर्भपतन सेवा प्रदान गरिएको छ ।

१४. सबै स्वास्थ्य सेवामा स्वास्थ्य सूचना व्यबस्थापन प्रणालीलाई थप व्यवस्थित गर्नका लागि Health Management Information System-HMIS तथा Electronic Logistic Management Information System-ELMIS सेवा बिस्तार तथा स्वास्थ्यकर्मीहरुको क्षमता बिकास गरिएको छ ।

१५. दुल्लू नगरपालिकाका क्षयरोगका विरामीहरुलाई सहज उपचार तथा औषधी उपलब्धका लागि १३ वटा स्वास्थ्य संस्थामा सेवा विस्तार गरि सोहि स्थानबाट क्षयरोगका विरामीहरुको उपचार भई रहेको छ ।

१६. स्वास्थ्य संस्थाको पहुँच भन्दा टाढा रहेका समुदायहरुमा स्वास्थ्य सेवा पहुँच सुनिश्चत गरि सुरक्षित मातृत्व र नवजात शिशु स्वास्थ्य सेवा प्रवर्द्धन क्रियाकलाप संचालन गरिएको छ।

१७. ९ महिना देखी ५ बर्ष सम्मका वालबालिकाहरुलाई दादुरा रुवेला विरूद्ध जम्मा ४ हजार ४ सय ८४ जना वालबालिकाहरुलाई सेवा प्रदान गरिएको छ ।

१८. १६ देखी ४५ बर्ष उमेर समूहका लक्षित बर्गहरुलाई टाईफाइट रोगबाट बचाउनका लागि खोप अभियान संचालन गरि जम्मा १६ हजार २ सय ७७ जनालाई खोप सेवा प्रदान गरिएको छ ।

१९. १० वटा स्वास्थ्य संस्थाबाट सुत्केरी पश्चात सुत्केरी र नवजात शिशुमा हुन सक्ने जटिलतालाई मध्येनजर गर्दै ३ पटक घरभेट (PNC) सेवालाई निरन्तरता दिई सुत्केरी तथा नवजात शिशुको स्वास्थ्य परिक्षण कार्यक्रम

कार्यन्वयन गरिएको छ त्यस्तै सुत्केरी आमालाई प्रदान गरिने यातायात रकम र प्रदेश पोषण कोशेली रकम वितरण गर्ने कार्यक्रम कार्यन्वयन गरिएको छ ।

२०. परिवार नियोजन सेवा विस्तार गर्नका लागि दुल्लू अस्पतालबाट आई.यू.सि.डि. सेवा र स्वास्थ्य चौकी नेपा, गमौडी, कालभैरब, गौरी र मालिकाबाट ईम्प्लान्ट सेवा निरन्तर भई रहेको छ ।

२१. मानसिक रोगका विरामीहरुको सेवाका लागि दुल्लू अस्पताल शहरी स्वास्थ्य केन्द्र विनायक र स्वास्थ्य चौकी नेपाबाट नागरीकहरुलाई सेवा प्रदान गरिएको छ ।

२२. नेपाल सरकारको नीति अनुसार मृगौला प्रत्यारोपण गरेका, डाईलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका २५ जनालाई दीर्घ रोगीलाई उपचार खर्च वितरण गरिएको छ ।

२३. प्रजनन् रुग्णता कार्यक्रम अन्तर्गत महिलाहरुको पाठेघर सम्बन्धि क्यान्सर लगायत अन्य समस्या पत्ता लगाउनका लागि शहरी स्वास्थ्य केन्द्र विनायकमा पास नेपाल संगको सहकार्यमा विशेषज्ञ सहितको शिविर संचालन गरि १३६ जनाको स्वास्थ्य परिक्षण गरिएको छ ।

२४.बिपन्न नागरिक कोष सिफारिस समितिको चालु आर्थिक बर्षको हालसम्म ४५ वटा बैठक बसी यस नगरपालिका भित्र बसोबास गर्ने ४५ जना अति विपन्न तथा गरिब घरपरिवारका व्यक्तिहरुलाई रु १ लाख सम्मको निशुल्क रुपमा औषधी उपचारका लागि सिफारिस गरी पठाइएको छ ।

२५. यस नगरपालिकासंगको समन्वय तथा सहकार्यमा सिएमसि नेपाल, एभरेष्ट क्लव/वानहर्ट वल्ड वाईड, मोमेन्टम परियोजना, सोसेक नेपाल/गर्ल्स म्याटर परियोजना र स्वच्छता परियोजना मार्फत स्वास्थ्य क्षेत्रमा विभिन्न क्रियाकलापहरु संचालन गरिएको छ ।

## सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फ

१. यस नगरपालिका क्षेत्रभित्रका सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरु र पोषण सुरक्षा तर्फका वालबालिकाहरु गरी जम्मा ९,६०८ जनालाई रु २० करोड ५५ लाख ८१ हजार रुपैया EFT मार्फत लाभग्राहीको खातामा रकम जम्मा गर्ने कार्य सम्पन्न भएको छ ।

२. वडा कार्यालयमा नै सामाजिक सरक्षा भत्ता भुक्तानी गर्नका लागि भुक्तानी शिविर संचालन गरी वडा नम्बर १, ३, १०, ११, १२ र १३ मा ९७० जना लाभग्राहीहरुलाई कृषि विकास बैंक र राष्ट्रिय वाणिज्य बैंक दुल्लू मार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्य सम्पन्न भएको छ ।

३. चालु आर्थिक बर्षको हालसम्म व्यक्तिगत घटना तर्फ जन्मदर्ता १३८६ वटा, मृत्यु दर्ता ४३९ वटा, विवाह दर्ता ५४४ वटा, सम्बन्ध विच्छेद दर्ता २१ वटा, बसाइ सरी आउने दर्ता १७ वटा र बसाइ सरी जाने दर्ता १३१ वटा रहेको छ ।

४. UNDP को संबोधन परियोजनाबाट यस नगरपालिका भित्र बसोबास गर्ने आर्थिक सामाजिक रुपले विपन्न निमुखा महिलाहरुलाई आय आर्जन तथा अन्य पारिवारीक व्यवस्थापनका लागि प्रति पटक रु १३५०० का दरले ३ पटक गरी प्रति व्यक्ति जम्मा रु ४०५०० का दरले ८५० जना निमुखा महिलाहरुलाई जम्मा रकम रु ३ करोड ४४ लाख २५ हजार रुपयाँ प्रदान गरिएको छ ।

५. आर्थिक अवस्था कमजोर भएका विपन्न ८ जना नागरिकहरुलाइ नगर प्रमुख कार्यक्रमबाट औषधी उपचार खर्च वापत जम्मा रकम रु ७७ हजार र नगरपालिकाको आकष्मीक स्वास्थ्य सहयोग कार्यक्रमबाट ११ जनालाई जम्मा रकम रु ६५ हजार हालसम्म भुक्तानी गरिएको छ ।

६. लामो समय देखि क्यान्सर रोगबाट पिडित यस नगरपालिका वडा नम्बर १३ का वडा अध्यक्ष बृष बहादुर शाहीलाई उपचार खर्च वापत रु १ लाख प्रदान गरिएको छ ।

**<u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ</u>**

१. दुल्लू नगरपालिकाको सहजीकरण र एभरेष्ट क्लबको, दैलेख आर्थिक सहयोगमा दुल्लू नगरपालिकामा रहेका अपाङ्गता भएका व्यक्तिहरुको विस्तृत प्रोफाइल "अपाङ्गता भएका व्यक्तिहरुको वस्तुस्थिति, २०८०" तयार गरिएको छ, जसमा दुल्लू नगरपालिकामा हालसम्म जम्मा २०४३ जना अपाङ्गता भएका व्यक्तिहरु रहेको तथ्याङ्क देखिएको छ ।
२. अन्तराष्ट्रिय महिला दिवस, अन्तराष्ट्रिय बाल दिवस, लैङ्गिक हिंसा विरुद्दको १६ दिने अभियान जस्ता विविध दिवसीय कार्यक्रम मार्फत विभिन्न जनचेतनामूलक अभियान संचालन, न्यानो कपडा वितरण गरि करिब ५०० जना व्यक्तिहरु कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित भएका छन् । समाजमा व्याप्त लैङ्गिक हिंसा, सामाजिक कुरिति र कुप्रथा विरुद्द जनचेतनामूलक अभियान संचालन भएका छन् ।
३. अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारलाई संरक्षण तथा सम्बर्द्धन गर्नका लागि अपाङ्गता परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिदै चालु आर्थिक बर्षको हालसम्म पूर्ण अशक्त अपाङ्गता ६ जना, अति अशक्त १९ जना, मध्येम अपाङ्गता ११ जना र सामान्य अपाङ्गगता भएका व्यक्तिहरुलाई नियमानुसारको अपाङ्गता परिचय पत्र वितरण गरी हालसम्म कुल जम्मा ६७२ जना व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र वितरण गरिएको छ ।
४. बालमैत्री स्थानिय शासन प्रबर्दनका लागि आवश्यक पर्ने न्यूनतम मापदण्डहरु पुरा गर्नका लागि वालक्लव तथा किसोरी क्लवका पदाधकारी

तथा सदस्यलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ । उक्त कार्यक्रमबाट करीब ४० जना प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् ।

५. समग्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा कार्य गर्ने सम्पूर्ण सरोकारवाला निकायहरुसँग लैङ्गीक हिंसा, घरेलु हिंसा, सामाजिक सुरक्षा र संरक्षण, बाल विवाह लगाएतका कुरीतिजन्य प्रथा परम्परा न्यूनिकरणका लागि आवाज, सोसेक, एभरेष्ट क्लब लगायत अन्य संघ संस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारीमा कार्यक्रमहरु संचालन गरिएका छन् ।

६. CMC नेपालसंगको साझेदारीमा नगरपालिका क्षेत्रभित्र ५५ जना मनोसामाजिक समस्या भएका व्यक्तिहरुले औषधी सेवन गरी रहेको र २० जना थप मनोसामाजिक समस्या भएका व्यक्तिहरुको पहिचान गरी मनोशिक्षा तथा औषधी उपचारका लागि परामर्श गरिएको छ ।

७. सम्पूर्ण वडाहरुमा शाखाको सहजीकरण र सोसेक नेपाल र आवाज संस्थाको समन्वय र सहकार्यमा वडास्तरीय बाल सञ्जाल, किशोरी संजाल र नगरस्तरीय बाल सञ्जाल, किशोरी संजाल गठन गरिएको छ ।

८. कर्णाली प्रदेश सरकारको बैंक खाता छोरीको सुरक्षा जीवनभरिको कार्यक्रम अन्तर्गत चालु आ.व. को हालसम्म २८७ जना र हालसम्म कुल १७१६ जना छोरीको खाता खोलि उनीहरुको खातामा रकम जम्मा गरिदिनका लागि कर्णाली प्रदेश सरकारलाई अनुरोध गरी पठाइएको छ ।

९. पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई यातायात खर्च स्वरुप चालु आर्थिक बर्षको हालसम्म ६ जना व्यक्तिलाई जम्मा रु १३ हजार भुक्तानी गरिएको छ ।

१०. यस नगरपालिकको चालु आर्थिक बर्षमा संचालित नीति तथा कार्यक्रमहरुको लैङ्गीक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण गरी कुल ७४ अंक प्राप्त भएको र थप अवस्था सुधारका लागि कार्ययोजना तयार भई कार्यान्वयनका लागि पहल गरिएको छ ।

११. यस नगरपालिका भित्र भएका १३८ वटा स्वास्थ्य आमा समहुको वार्षिक नविकरण गराई प्रति आमा समूह रु १० हजारका दरले वीउँ पुजि अनुदान रकम उपलब्ध गराउने प्रक्रियामा रहको छ ।

३. <u>आर्थिक विकास तर्फ</u>

<u>कृषि विकास तर्फ</u>

१.स्थलगत घुम्ती तालिम र जैविक विषादी तयार र प्रयोग कार्यक्रम संचालन गर्दा नगरपालिकामा १३ वटै वडाहरुमा २६ वटा जैविक विषादी तयार र प्रयोग सम्बन्धी सिकाई केन्द्र स्थापना भइ ७८० घरधुरी लाभान्वित भएका छन् ।

२.तरकारी खेती र नर्सरी सम्बन्धी अगुवा किसानहरुलाई तालिम संचालन तथा बीउ वितरण कार्यक्रम गरी नगरपालिका भित्र १८ वटा कफि नर्सरी स्थापना भएका छन् ।

३.कृषि प्रसार खाद्य सुरक्षा तथा पोषण सहयोग र बाली कटान कार्यक्रम मार्फत नपाका १३ वटै वडाहरुका ३९ वटा समुह र सहकारीका १००० जना सदस्यहरुलाई तरकारी बीउ मिनीकिट वितरण गरी करेशाबारी स्थापना सहित उत्पादन र उपभोग गरी कृषि खाद्य पोषण सुरक्षा बाट लाभान्वित भएका छन् ।

४.गत आर्थिक बर्ष २०७९।०८० मा सुन्तलाजात फलफूल बाली पकेट विकास कार्यक्रम अन्तरगत वडा नं ४, ६ र ११ मा ३ वटा सुन्तलाजात फलफुल पकेट क्षेत्र स्थापना भई संचालनमा रहेका र उक्त कार्यक्रमलाई थप गर्दै यस आर्थिक वर्षमा वडा नं १ र ५ मा ३ वटा पकेट थप गरी

जम्मा ६ वटा सुन्तलाजात फलफुल पकेट स्थापना सहित २४ हेक्टर क्षेत्रफलमा क्षेत्र विस्तार भई १०० वटा कृषक घरपरिवारहरु लाभान्वित भएका छन् ।

५.दुल्लू नगरपालिकाको समन्वय, सहकार्य र कृषि विकास कार्यालय दैलेखबाट लिफ्ट सिचाई सहित ७ वटा सिंचाई पूर्वाधार निर्माण, वडा नं ६ र १३ मा ११ वटा पक्कि १८ वटा कच्ची टनेल गरी कुल २९ वटा तरकारी खेतीका लागि टनेल निर्माण, वडा नं २ र ३ मा २ वटा मसलाबाली क्षेत्र विस्तार कार्यक्रम, वडा नं ५ र ११ मा २ वटा मा मकैबाली क्षेत्र विस्तार कार्यक्रम वडा नं ६ र १३ मा २ वटा तरकारी बाली विशेष क्षेत्र र बीउ उत्पादन श्रोत केन्द्र कार्यक्रम वडा नं ६ मा २ वटा दलहन र तेलहन बाली क्षेत्र विस्तार कार्यक्रम सहित कृषि यान्त्रीकरण तथा उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम र सुन्तला बालीमा प्राङ्गारीक कृषक पाठशाला ४ र ११ संचालनबाट १३७५ वटा कृषक घरधुरी लाभान्वित भएका छन् ।

६.दुल्लू नगरपालिकाको समन्वय र सहकार्य DCA NEPAL को आर्थिक सहयोग तथा ग्रिन कर्णाली परियोजना सोसेक नेपाल दैलेखको प्राविधिक सहयोगमा वडा नं १, २, ३, ४ र ९ का १३ वटा समुहका कृषकहरुलाई तरकारी उत्पादन कृषि पूर्वाधार तर्फ ३६ वटा पक्कि ५७ कच्ची टनेल गरी कुल ९३ वटा निर्माण, जैविक विषादी तयार सहित ८० वटा भकारो सुधार निर्माण, वडा नं १ र २ मा मौरी पकेट क्षेत्र बनाउन १० जना किसानलाई मौरीगोला सहित ५० घार र खाली घार ५० गरी कुल १०० घार वितरण, वडा नं २ मा ३ वटा भर्मि कम्पोष्ट श्रोत केन्द्र स्थापना, २ वटा तरकारी बालीमा जलवायुमैत्री कृषक पाठशाला संचालन गरिएको र बडा पोखरा र तरियाँ मा पर्यावरणिय कृषि नमुना गाँउ स्थापना गरी ४०९ जना किसान घरधुरी लाभान्वीत भएका छन् ।

७. दुल्लू नगरपालिकाको समन्वय, सहकार्य र ऐनसाव परियोजनाको आर्थिक र प्राविधिक सहयोगमा वडा नं २, ३, ४, ११ र १२ का ७ वटा समूहमा करेशाबारी प्रोत्साहनका लागि २ पटक तरकारी बिउ वितरण मौसमी तथा बेमौसमी तरकारी खेतीका लागि ९ वटा जि आई पक्की टनेल र ४ वटा च्याउ खेतीका लागि फलामे टनेल निर्माण, २ वटा सोयल सिमेन्ट पोखरी, २ वटा भर्मी केज स्थापना गरी संचालन सहित १७५ घरधुरी लाभान्वित भएका छन् ।

८. दुल्लू नगरपालिकाको समन्वय र सहकार्य र सिप्रेड नेपालको आर्थिक र प्रविधिक सहयोमा वडा नं ४, ६, ७, ८ र १३ मा ५ वटा समुहका १३४ घरघूरीमा ५ वटा कृषि अनुसन्धान तथा निरन्तर सिकाई केन्द्र स्थापना, मुल विउ वितरण, भर्मी केज स्थापना, अन्तर बाली प्रर्दशन, रोग किराको क्षति अनुसन्धान र व्यवस्थापन, २ वटा स्वायल सिमेन्ट पोखरी निर्माण, १६ वटा कच्ची टनेल निर्माण र ८ वटा भकारो सुधार निर्माण तथा संचालनमा ल्याइएको छ ।

९. दुल्लू नगरपालिका र जि आई जेड नेपाल ग्रेप परियोजनाको सह-लगानीमा वडा नं ६, ८, ९, ११, १२ र १३ मा ७ वटा सिंचाई पोखरी निर्माण, वडा नं २, ३, ४, ५, ७ र १० मा ६ वटा सिंचाई कुलो निर्माण भई २७ हेक्टर जमिनमा सिंचाईको पहुँच भई खाद्यान्न र तरकारी बालीको उत्पादन एवम् उत्पादकत्व वृद्धि हुने अपेक्षा गरिएको छ । वडा नं १ मा कृषि संकलन केन्द्र भवन निर्माण भएको छ भने उक्त संकलन केन्द्र संचालनबाट वडा नं १ र २ का किसानको कृषि उपज खरिद बिक्रि वितरणका लागि सहज हुने अपेक्षा राखिएको छ भने वडा नं ५ र ७ को सिमानामा कृषि हाट बजार निर्माण तथा संचालन र वडा नं ६ मा शित भण्डार घर निर्माण, वडा नं ६ र ११ मा बहुउद्धेश्यीय नर्सरी स्थापना र संचालनबाट करीब ५००० किसानले लाभ प्राप्त गर्ने देखिएको छ ।

१०. यस नगरपालिकाको समन्वयमा ग्रेप परियोजना अन्तर्गत कृषिमा विद्युतीय प्रविधि मार्फत GEO कृषि एप द्धारा नगरपालिका ३३०० घरधुरीका किसानहरुले कृषि र पशु सम्बन्धी आफ्नै घरदेखि प्राविधिक सार्वजनिक सेवा परामर्श लिईरहेका छन् ।

११. दुल्लू नगरपालिका कृषि विकास शाखा र नगरपालिका संग साझेदारी गरि कृषि क्षेत्रमा काम गरिरहेका सरकारी गैरसकारी संस्थाहरु बाट जनप्रतिनिधि, कर्मचारी र किसानहरुलाई नीति निर्माण देखि उत्पादन र उपभोगसम्मका विषयवस्तु सम्बन्धी छोटो दिन १ देखि ७ दिन सम्मका समयावधी भएका क्षमता विकास तालिममा १००० भन्दा बढी जनालाई तालिम प्रदान गरेका छन् ।

१२. चालु आर्थिक वर्षको हालसम्म नयाँ समुह दर्ता १२ वटा र पुराना नविकरण समुह १५ वटा गरी कुल हालसम्म १०९ वटा कृषि समुहहरु तथ्याङ्क अध्यावधीक गरीएको छ भने निजी फर्मको हकमा २७ वटा सिफारिस गरी अनुदानको रासायनीक मल खरिद विक्रि वितरणका लागि वडा नं २, ५, १२ र १३ मा ४ वटा सहकारी संस्थाहरुलाई सिफारिस तथा अनुमति प्रदान गरिएको छ ।

**<u>पशुपंक्षी विकास तर्फ</u>**

१.दुल्लू नगरपालिकाभित्र पालन गरिएका १०५४२ वटा बाख्राहरुलाई पिपिआर रोग विरुद्धको खोप, ४७९० वटा कुखुराहरुलाई रानीखेत रोग विरुद्धको खोप र ९२ वटा बंगुरलाई स्वाईन फिभर रोग विरुद्धको खोप तथा घुम्ती शिविर मार्फत ७०० वटा कुकुरहरुलाई रेविज विरुद्धको खोप लगाईएको छ भने १६०० वटा पशुवस्तुहरुलाई लम्पी स्किन रोग विरुद्ध खोप लगाउने कार्य सञ्चालन भईरहेको छ ।

२.पशु स्वास्थ्य सेवा कार्यक्रम अन्तरगत पशु विकास शाखा मार्फत औषधि खरिद गरी सम्पूर्ण वडाहरुमा रहेका २४६२ कृषकहरुलाई औषधि वितरण तथा ८२१८ पशुपन्छीहरुलाई विभिन्न रोगहरुविरुद्ध औषधि, उपचार गरिएको छ ।

३.कृत्रिम गर्भाधान मिसन कार्यक्रम अन्तर्गत ३६ वटा पशुहरुमा नश्ल सुधार कार्यक्रम सञ्चालन, बिमा कम्पनी सँगको सहकार्यमा नगरपालिका भित्र पालन गरिएका ११७ वटा पशुवस्तुको बिमा गरिएको तथा २ वटा भैसी र १३ वटा बाख्रा गरेर जम्मा १५ वटा पशु चौपाएको विमा दाबी वापतको रकम रु २९२०००।०० विमा कम्पनी मार्फत भुक्तानी भएको छ ।

४.भेटेरीनरी ईपिडेमियोलोजिकल कार्यक्रम अन्तर्गत पशुपन्छी विकास शाखा द्वारा सम्पूर्ण वडाहरुबाट विभिन्न रोगहरुको रिपोर्ट सङ्कलन तथा उपचार गरिएका १०४३६ पशुपन्छीहरुको पशु सेवा विभागमा रिपोर्टिङ्ग गरिनुका साथै स्थानीय स्तरमा प्रभावकारी रोग निदानको सेवा प्रवाह गर्नका लागि आधारभुत प्रयोगशाला स्थापना गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

५.दुल्लू नगरपालिकाको सहकार्य र पशु अस्पताल तथा पशु सेवा कार्यालय दैलेखको सहयोगमा दुल्लु न.पा. वडा नं ४ मा भैसीपालन विशेष कार्यक्रम अन्तर्गत ४६ वटा भकारो निर्माण, १ वटा उन्नत जातको रागाँ वितरण, वडा नं. १२ मा २४ घरधुरीमा बाख्राको खोर निर्माण र ४८ वटा उन्नत जातका बाख्रा वितरण तथा वडा नं. १, २, ३, ६, ८, १०, ११ र १२ मा व्यवसाय प्रर्बद्धन, रोडकोरिडोर, यान्त्रिकरण जस्ता कार्यक्रम सञ्चालनबाट ५२० कृषकहरु लाभान्वित भएका छन ।

६.वडा नं. ४, ६, ७, ८ र १३ मा ३० वटा बाख्रा, १८ वटा उन्नत जातको बोका र ७०४ वटा कुखुराका चल्ला वितरणवाट २०६ घरधुरीमा रोजगारी सिर्जना भई पोषण सुरक्षामा योगदान पुग्ने अपेक्षा गरिएको छ।

७. हेफर प्रोजेक्ट नेपालको सहयोग तथा दुल्लु नगरपालिकाको सहकार्यमा वडा नं. ४, ६, ७, १२ र १३ मा रहेका बाख्रापालन समुहहरुमा २ दिने जलवायुमैत्री पशुपालनका अभ्यास सम्बन्धी तालिम, २ वटा उन्नत जातको बोका वितरण तथा वडा नं. १२ मा १ दिने निशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन मार्फत ३०५ घरधुरी लाभान्वित भएका छन ।

८.यस नगरपालिकाको समन्वय तथा कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) को आर्थिक सहयोगमा विभिन्न वडाहरुमा रहेका १५ वटा कृषक समुहहरुमा आवद्ध ३२५ वटा घरधुरीमा बाख्राको आधुनिक खोर निर्माण, ३३० जना सदस्यहरुलाई विभिन्न प्रकारका घाँसका बेर्ना तथा बिउँहरु वितरण र उक्त समुहहरुमा वित्तिय साक्षरता तथा क्षमता विकास तालिमहरु सञ्चालन गरिएको छ ।

९. चालु आर्थिक बर्षको हालसम्म नयाँ समुह तथा फर्म दर्ता ८ वटा, समुह नवीकरण १२ वटा र निजि फर्म सिफारिस ५८ वटा गरिएको छ भने सोही समूह तथा फर्म मार्फत विभिन्न आय आर्जनका क्रियाकलाप सञ्चालन भई रहेका छन् ।

**<u>रोजगार सेवा केन्द्र तर्फ</u>**

१. तोकिएको समय सिमा भित्र यस नगरपालिकाका सवै वडाहरु वाट प्राप्त हुन आएका २३९९ जना वेरोजगार व्यक्तिद्धारा भरिएका फारमहरु मन्त्रालयको रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS System) मा सुचिकृतका लागि दर्ता गरियो ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत चालु आर्थिक वर्षमा विनियोजित बजेट बाट यस नगरपालिकाका वडा नम्बर १, २, ३, ४, ६, ८ र १२ मा भौतिक पुर्वाधार निर्माण सम्वन्धी १० वटा योजनाहरु संचालन गरी १२४ जना बेरोजगार व्यक्तिलाइ अल्पकालिन रोजगारी सिर्जना गरिएको छ । साथै मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत विनियोजित बजेट बाट यस नगरपालिकाका ९ वटा वडामा ९ वटा भौतिक पुर्वाधारजन्य योजनाहरु संचालन भई २०६ जना सुचिकृत वेरोजगार व्यक्तिहरुलाई अल्पकालिन रोजगारी सिर्जना गरि सामुदायिक पुर्वाधारजन्य विकासमा टेवा पुगेको छ । उल्लेखित आयोजनाको प्रभाबकारी कार्यान्वयन गर्न यस नगरपालिकाबाट ४६ पटक अनुगमन गरिएको छ ।

३. रोजगार सेवा केन्द्रवाट सम्पादित क्रियाकलापहरुको समिक्षा तथा कार्ययोजना सम्वन्धि सम्वन्धित सरोकारवालहरुलाई जानकारी प्रदान गर्न र आवश्यक सुझाव संकलनका लागी रोजगार संबाद मंञ्चको बैठक १ पटक सम्पन्न भई आगामी वर्ष संचालन गरिने आयोजना कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

४. बैदेशिक रोजगारीका लागी विदेश जाने कामदारलाई परार्मश तथा श्रम स्वीकृति गर्न दुल्लू नगरपालिकाको ६ जना, चामुण्डाविन्द्रासैनी नगरपालिकाको ३ जना र भैरवी गाउँपालिकाको १ जना गरि १० जनाको वैदेशिक रोजगार वोर्डको वैदेशिक रोजगार व्यवस्थापन सुचना प्रणाली मार्फत अनलाईन फारम भरी सहजिकरण गर्ने कार्य सम्पन्न गरिएको छ ।

५. श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी अभिमुखिकरण कार्यक्रम १३ वटा वडामा रहेका वडा समितिका पदाधिकारीहरु योजना कार्यान्वयनका लागी गठित उपभोक्ता समिति पदाधिकारी बुद्दिजीवि

समाजसेवीहरुको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम संचालन गरीएको छ ।

६. अन्तराष्ट्रिय श्रमिक दिवसको अवसरमा दुल्लू नगरपालिका वडा नं ८ को कार्यालयमा वडा समितिका पदाधिकारी विभिन्न आयोजनामा कार्यरत कामदार समाजसेवी पत्रकारहरुको उपस्थितीमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरीएको छ ।

७. बैदेसिक रोजगारीको सिलसिलामा मलेसिया गएका कामदार दुल्लू नगरपालिका वडानं २ का रमेश वहादुर थापालाई उपचार खर्च रकम उपलब्ध गराउनको लागि सहजिकरण गरी रु ७ लाख श्रम मन्त्रालयबाट उपलब्ध गराउन आवश्यक सहजीकरण गरी रकम प्राप्त भई सकेको छ ।

८. स्थानीय तहको रोजगार रणनीति सम्वन्धी मार्गदर्शन २०८० अनुसार दुल्लू नगरपालिकाको स्थानीय तहको रोजगार रणनिती तयार गरिएको छ ।

## उद्योग तथा उद्यमशिलता विकास तर्फ

१. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत सामाजिक परिचालन मार्फत वडा नम्बर १ देखी १३ सम्मका ३२ जना संभावित उधमीहरुलाई व्यवसाय सचेतना तथा सुरु र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम प्रदान गरी मागमा आधारित २० जना सहभागीहरुलाई सिताके च्याउ उत्पादन र ११ जना सहभागीलाई बाँसका मुढा तथा जुत्ता चप्पल राख्ने र्‍याक बनाउने गरी जम्मा ३१ जनालाई तालिम प्रदान गरिनुका साथै तालिम सामग्रीहरु प्रदान गरिएको छ यसका साथै स्तरोन्नतीतर्फ व्यवसाय सञ्चालन गरेका ११ जना उद्यमी तथा व्यवसायिहरुलाई थप व्यवसाय विस्तारका लागि सामग्री हस्तान्तरण

गरिनुका साथै उनीहरुलाई लघु कर्जामा पहुँच तथा बजारीकरणका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गरिएको छ।

२. कर्णाली प्रदेश सरकारको कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ अनुसार उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेख मार्फत यस नगरपालिकालाई प्राप्त वाणिज्य तर्फ दर्ता भएका ५४१ वटा व्यवसायहरु मध्ये २७ ओटा चालु आर्थिक बर्षको हालसम्म नवीकरण तथा थप नयाँ ३८ ओटा व्यवसाय दर्ता भएका छन् भने उद्योग तर्फ दर्ता भएका २०१ वटा फर्महरु मध्ये ४ ओटा नवीकरण र ८ ओटा नयाँ फर्म दर्ता भएका छन्।

३. चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अनुसार वडा नम्बर ३ का १० जना सहभागीहरुलाई बाँसका मुढा बनाउने र वडा नं. १२ का २० जना सहभागीहरुलाई सिलाइ कटाई सम्बन्धी तालिम प्रदान गरिएको छ ।

४. USAID तयार नेपाल तथा बतास फाउण्डेशन र दुल्लू नगरपालिकाको साँझेदारिमा १३ जना उधमीलाई केराको रेसा निर्माण र १६ जनालाई हाउस वायरिङ सम्बन्धी तालिम प्रदान गरिएको छ भने १२ जनाले व्यवसाय सञ्चालन गरिरहेका छन्।

५. एभरेष्ट क्लव दैलेख र दुल्लू नगरपालिकाको साझेदारीमा ३१ जना सहभागीहरुलाई हेयर कटिङ्ग, नास्ता पसल, हाउस वायरिङ्ग, तरकारी खेती, बाख्रापालन, चटपटे तथा पानीपुरी हाते होजियारी तालिम प्रदान गरिएको छ । त्यस्तै दुल्लू नगरपालिका र एभरेष्ट क्लव दैलेखको साझेदारीमा दुल्लू नगरपालिका वडा नम्बर ६ मा सर्वोत्तम पीठो बनाउने कार्यका लागि आवश्यक प्रक्रिया अगाडी बढेको छ।

६. उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेख र दुल्लू नगरपालिकाको समन्वयमा वडा नम्बर ९ मा अचारको लेवलिङ्ग, प्याकेजिङ्ग तालिम र वडा नम्बर ११ मा दुना टपरी बनाउने तालिम संचालनका लागि आवश्यक कार्य अगाडी बढेको छ ।

**<u>सहकारी प्रबर्द्धन तर्फ</u>**

१. दुल्लू नगरपालिका क्षेत्रमा संचालित ४५ वटा सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुलाई २ दिने क्षमता विकास तालिम प्रदान गरिएको छ साथै ७ जना लाई वित्तिय ब्यवस्थापन उत्पादनमा आधारित तालिमा सहभागी गराएको छ ।
२. दुल्लू नगरपालिका क्षेत्रमा संचालित सहकारी संस्थाहरु मध्ये १५ वटा सहकारी संस्थाहरुको अनुगमन गरिएको छ साथै २६ वटा सहकारी संस्थाहरु सहकारी सूचना ब्यवस्थापन प्रणालीमा आवद्ध भएका छन् ।
३. ४५ वटा सहकारी संस्थाहरुको १ दिवसिय समन्वयात्मक बैठक राखि सहकारी जोखिम ब्यवस्थापन विषयमा छलफल गरिनुका साथै कर्णाली प्रदेश सुर्खेत तथा सहकारी विभागमा वित्तिय प्रगति पठाईएको छ ।

**<u>संस्कृति तथा पर्यटन तर्फ</u>**

१. "हाम्रो सस्कृर्ति, हाम्रो गौरव र हाम्रो पर्यटन" भन्ने अवधारणालाई सार्थक पार्नका लागि पर्यटकीय पुर्वाधार निर्माण गरी धर्म संस्कृति प्रबर्द्धन, धार्मिक पर्यटकीय पुर्वाधार निर्माण, आन्तरीक तथा वाह्रय पर्यटनको प्रवद्धन गर्ने उदेश्यले संघ र प्रदेश सरकारको सहयोगमा पञ्चकोशि क्षेत्रको पूर्वाधार विकास अन्तरगत धुलेश्वर, नाभिस्थान, श्रीस्थान, तल्लोडुङ्गेश्वर, पादुका, लामादुवाला, मालिका जस्ता क्षेत्रहरुमा विभिन्न प्रकृतिका आयोजनाहरु संचालन गरिनुका साथै दाहालहरुको उद्गमस्थल दहमा दासु ऋषिको शालिक राखिएको छ त्यस्तै दुल्लू सांस्कृतिक

संग्राहलयको थप व्यवस्थान, विजया साहित्यक उद्यान, नेपाली भाषाको पहिलो शिलालेख, कीर्तिस्तम्भ, धरमगद्दी, वालेश्वर लगाएत २५० भन्दा बढि धार्मिक सम्पदाहरुको संरक्षण र विकास गरिएको छ ।

२. यस क्षेत्रमा रहेका मूर्त र अमुर्त सम्पदा र पञ्चकोशी क्षेत्रको विकास सहित प्रचार प्रसार गरी थुप्रै आन्तरीक र बाह्य पर्यटक यस क्षेत्रमा भित्र्याउने उद्देश्यका साथ पञ्चकोशी क्षेत्र सम्बन्धी सवै विवरण भएको बेव पोर्टल निर्माण, राष्ट्रिय तथा अन्तराष्ट्रिय टेलिभिजनबाट पञ्चकोशी क्षेत्र सम्बन्धी कार्यक्रम प्रसारण, पञ्चकोशी दैलेख नाममा फोटो पुस्तकको छपाई तथा महत्वपूर्ण व्यक्तित्वलाई वितरण, पञ्चकोशी क्षेत्रका सबै स्थानमा सुरक्षाका लागि सिसिटिभि क्यामरा जडान र सुचना प्रबाहका लागि डिजिटल डिस्प्ले बोर्डको जडान गरिएको छ ।

३. यस नगरपालिकामा पाल्नुहुने विशिष्ट व्यक्तित्वहरुलाई प्रदान गरिने मायाको चिनोमा पञ्चकोशी क्षेत्र समेटिएर बनाइएको छ त्यस्तै अतिथि सत्कारका प्रयोग गर्ने खादामा समेत पञ्चकोशी क्षेत्र समेटिएको दुल्लू नगरपालिकाको लोगो सहित राखेर धार्मिक सम्पदाहरुको प्रचार प्रसार गरिनुका साथै लोपोन्मुख अवस्थामा रहेको राउटे जातिले तयार गरेको काठको कोशी समेत चिनोको रुपमा प्रदान गर्ने गरिएको छ ।

४. यस क्षेत्रको धार्मिक र सास्कृतिक पक्षसंग जोडेर परापुर्बकाल देखि प्रयोग हुदै आएका मुर्त र अमुर्त सम्पदाहरुको पुस्ताहन्तारण, प्रचार प्रसार र विकासका लागि यस नगरपालिकाको स्थानीय पाठ्यक्रमका रुपमा हाम्रो संस्कृति हाम्रो परम्परा लागु गरिएको छ ।

४. <u>**बन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फ :**</u>

१. जोखिम सम्वेदनशिल भू- उपयोग योजना, भवन निर्माण, विपद्, जोखिम रणनितिक योजना लगाएत विपद् ब्यवस्थापन सम्वन्धि ऐन नियमहरु तयार गरि लागू गरिएको छ भने यूएसआइडि मर्सिकोर भकारी परियोजनाको

आर्थिक सहयोगमा स्थानिय तहको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० अध्यावधिक गरिएको छ ।

२. आपतकालिन कार्यसचालन केन्द्रको स्थापना र ब्यवस्थापन, विभिन्न प्रकोपका घटेका घटनाहरुको विवरण तयार, कार्यालयको प्राङ्गणमा वारुण स्थापना, विपद सम्बन्धी खोज तथा उद्धार र राहतका सामानहरु भण्डारण गरी राखिएको छ ।

३. तयार नेपालको अर्थिक सहयोगमा विपद् पोर्टल र विपद् सम्बन्धी स्थानीय पाठ्यक्रम निमार्ण गरि प्रयोगमा ल्याउने तयारीमा रहेको छ ।

४. विभिन्न प्रकृतिका प्रकोप पिढित २२ जना व्यक्तिहरुलाइ नियमानुसार रु १ लाख ७३ हजार राहत रकम पिढितको वैक खाता मार्फत भुक्तानी गरिनुका साथै जाजरकोट र रुकुमपश्चिममा गएको भुकम्पमा राहत व्यवस्थापनका लागि प्रति जिल्ला रु २ लाख ५० हजारका दरले जम्मा रु ५ लाख प्रदान गरिएको छ र दुल्लू नगरपालिका स्थायी ठेगाना भई जाजरकोट भुकम्पमा परी ज्यान गुमाएका एलिना भण्डारी र प्राञ्जल शाहीको परिवारलाई क्रिया खर्च वापत प्रति परिवार रु २५ हजारका दरले जम्मा रकम रु ५० हजार प्रदान गरिएको छ ।

५. यस नगरपालिकाका विभिन्न ५४ वटा सामुदियक वन उपभोक्ता समूह मध्ये २३ वटा सामुदायिक वन उपभोक्ता समितिहरुलाइ संघिय वन नियमावलि, २०७९ को नियम ४५ तथा नगरपालिकाको वन ऐन, २०७५ को परिच्छेद ९ को दफा १ वमोजिम नगरमा दर्ता प्रक्रियामा ल्याइ सोही अनुसार राजश्व असूली गरिएको छ ।

६. गृह मन्त्रालयको आयोजना दुल्लू नगरपालिको समन्वय र तयार नेपालको आर्थिक सहयोगमा वृहत घटना नमूना अभ्यास सचालन भै विपद्का घटना घटेका वखत गरिनु पर्ने न्यूनतम कार्य र प्रकियावारे दुल्लू नगरपालिकाका

जनप्रतिनिधिहरु शाखा प्रमुखहरु र नगरस्तरिय विपद् व्यवस्थापन समितिका सदस्यहरुलाइ जिम्मेवारी वहन गर्न सचेतिकरण गरिएको छ ।

**७. सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फ :**

७.१. यस नगरपालिकाको नगर कार्यापालिकाको कार्यालय, वडा कार्यालय तथा नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा जम्मा स्वीकृत दरवन्दी १४१ रहेकोमा १२१ मा पदपूर्ति भएको छ भने २१ रिक्त रहेका छन् । पदपूर्ति भएका मध्ये ९३ स्थायी सेवाका छन् भने २८ करार सेवामा कार्यरत रहेका छन् ।

७.२. नेपालको संविधान र प्रचलित कानूनमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन मार्फत नागरिकको नजिकको सरकारको रुपमा सेवा प्रवाहलाई प्रभावकारी बनाउन ५ वटा ऐन (३ वटा संशोधन सहित), १ वटा नियमावली, ११ वटा कार्यविधि (४ वटा संशोधन सहित), १ वटा निर्देशिका र १ वटा मापदण्ड गरी यस आ.व. मा जम्मा १९ वटा कानूनहरुको निर्माण गरिएको छ भने हालसम्म सवै गरी जम्मा १२१ वटा कानूनहरु निर्माण भई कार्यान्वयनमा रहेका छन् ।

७.३. चालु आर्थिक वर्षको हालसम्म नगर कार्यपालिकाको वैठक संख्या २२, नगर शिक्षा समितिको वैठक संख्या ५ , श्रोत अनुमान तथा वजेत सीमा निर्धारण समितिको वैठक संख्या २, न्यायिक समितिको वैठक संख्या ३१, राजस्व परामर्श समितिको वैठक संख्या १२, वजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक संख्या १, कार्यपालिका अन्तरगतका विभिन्न विषयगत समितिहरु आर्थिक विकास समितिको वैठक संख्या ८, सामाजिक विकास समितिको वैठक संख्या १२, पूर्वाधार विकास समितिको वैठक संख्या ४, बन, वातावरण तथा विपद व्यवस्थापन समितिको वैठक संख्या ३, सुशासन तथा संस्थागत

विकास समितिको वैठक संख्या ४, नगर सभा अन्तरगतका विधायन समितिको वैठक संख्या २, सुशासन समितिको वैठक संख्या २, लेखा समितिको वैठक संख्या ३, जनतासँग नगर प्रमुख कार्यक्रम कार्यान्वयन समितिको वैठक संख्या ३, जनतासँग नगर उप प्रमुख कार्यक्रम कार्यान्वयन समितिको वैठक संख्या ४, सार्वजनिक खरिद इकाईको बैठक संख्या १०, मर्मत संम्भार सिफारिस समितिको बैठक संख्या ८ तथा अन्य विभिन्न समन्वय वैठकहरु ४७ लगायत २ वटा नगरसभा सम्पन्न गरिएको छ ।

७.४. नगरपालिकाको सूचना, ऐन, कानून, निर्देशिका, राजपत्र, वजेट विवरण, प्रतिवेदन साथै वार्षिक नगर विकास योजना कितावको प्रकाशन लगायत सार्वजनिक सरोकारका विषयहरु नियमित वेभसाइटमा अध्यावधिक गरिनुका साथै वेभसाईट मार्फत नगरपालिकाका गतिविधिहरु सार्वजनिक गर्ने गरिएको छ ।

७.५. दुल्लू नगरपालिका परिसर तथा प्रत्येक कोठाहरुमा सिसिटिभि क्यामरा, कर्मचारीहरुको विधुतिय हाजिरी तथा डिजिटल डिस्प्ले प्यानल, सेवाग्राहिका लागि टेलिभिजन जडान गरी प्रयोगमा ल्याइएको छ ।

७.६. चालु आर्थिक वर्षमा घ वर्गका २ वटा नँया ब्यवसायि प्रमाण पत्र वितरण गरी कुल २० हजार आन्तरिक आम्दानी वृद्धि गरिएको छ भने कुल २२ वटा प्रमाणपत्र नविकरण गरि जसवाट कुल १ लाख २० हजार आम्दानी भएको छ ।

७.७. नगरपालिकाले प्रबाह गर्ने सेवा प्रवाहलाई जनमैत्री बनाउन तथा एकद्धारा प्रणाली मार्फत छिटो छरिटो कार्य गर्नका लागि एकिकृत सेवा प्रबाह केन्द्रको स्थापना गरी टोकन प्रणाली मार्फत नागरिकलाई सेवा प्रबाह प्रदान गरिएको छ ।

७.८. हरेक दिन विहान ९:५० वजे राष्ट्रिय गान सहित कर्मचारीलाई दैनिक प्रबाह गर्ने सूचना आदान प्रदान गर्ने गरीएको र कर्मचारीहरुलाई खाजा खाने समय निर्धारण गरी लागू गरिनुका साथै नियमित रुपमा कर्मचारीहरुको मासिक र आकस्मिक कर्मचारी वैठकहरु वस्ने गरिएको छ ।

७.९. दुल्लू नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न नदी तथा घाटहरूबाट कानून वमोजिम ढुङ्गा, गिट्टी, वालुवा उत्खनन गरी राजश्व अभिवृद्धी गर्ने नीति बमोजिम यस नगरपालिका क्षेत्रका विभिन्न ५ वटा घाटहरू ठेक्कामा लगाइ राजश्व रू. ५,३८,६३०।०० आम्दानी गरियो ।

७.१०. राजश्व प्रणाली अन्तरगत पालिकालाई बुझाउने करलाइ व्यवस्थित बनाउने नीति अनुसार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा राजश्व सङ्कलन गर्न सुरूवात गरियो ।

७.११. दुल्लू नगरपालिकाको आन्तरिक आम्दानी तर्फ हालसम्म रू. ७३ लाख ६१ हजार १ सय १५ रुपयाँ पैसा ६४ राजश्व सङ्कलन गरिएको छ ।

७.१२. न्यायिक समितिका ३१ वटा बैठक संचालन भई न्यायिक समिति समक्ष पेश भएका विभिन्न १८ वटा उजुरी माथि छलफल गरी आवश्यक कारवाही गरिएको जसमध्ये ९ वटा उजुरी फर्छ्यौट भइ लगत कट्टा गरिएको छ भने २ वटा मुद्दा पुनराबेदनका लागि अदालत पठाइएको छ र बाँकी मुद्दाहरु छलफलको क्रममा रहेका छन् ।

७.१३. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ९२.५ अंक प्राप्त गरि जिल्लाकै प्रथम स्थानमा रहेको छ भने वित्तिय सुशासन जोखिम (FRA) मुल्याङ्कनमा ८२ अंक प्राप्त गरी उल्लेख्य रुपमा सुधार भएको छ ।

७.१४. विभिन्न क्षेत्रका विषयवस्तुसंग अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा हालिएका उजुरी मध्ये हालसम्मको प्राप्त जानकारी अनुसार १० वटा मुद्दा फछ्यौंट भएका छन् ।

७.१५. डिजिटलाईजेसन कार्यमा एकिकृत मोवाईल एप, कागजात ब्यवस्थापन प्रणाली, अनुगन प्रणाली को विकास भइ संचालन गरिएको छ त्यस्तै विपद् सूचना ब्यवस्थापन प्रणाली को लागि एक छुट्टै विपद् सूचना ब्यवस्थापन BIPAD Portal को विकास गरि संचालन मा ल्याइएको छ । GIZ को सहयोगमा अनलाईन सिफारिस प्रणालीको विकास गरि कार्यान्वयन गरिएको छ ।

७.१६. चालु आर्थिक बर्षको हालसम्म यस नगरपालिकामा जम्मा १५५९ वटा विभिन्न प्रकारका सम्पती रहेका छन् जसको जम्मा खरिद मुल्य रु ७ करोड २४ लाख १६ हजार ७ सय ५ रुपयाँ रहेको देखिन्छ त्यस्तै सबै वडा कार्यालयको आफ्नै जग्गा र वडा कार्यालयको आफ्नै भौतिक संरचना रहेको छ ।

७.१७. जिन्सी शाखासंग सम्बन्धित सम्पूर्ण कार्यहरु नेपाल सरकारद्धारा संचानल गरिएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गरिएको छ ।

७.१८. हालसम्म नगरपालिकामा मोटरसाईकल २८ वटा, जिप ३ वटा, डोजर १ वटा, रोलर १ वटा, ट्रिप्पर २ थान रहेका छन् भने १ वटा जिप र १ वटा ट्रिप्पर लगायतका प्रयोग विहिन अन्य सामाग्रीहरु लिलाम विक्रि प्रक्रियाका लागि आवश्यक कार्य अगाडी बढाइएको छ ।

७.१९. दुल्लू नगरपालिकाले गत आर्थिक वर्षको असारमा चालु आर्थिक वर्षमा लिइएको नीतिमा आर्थिक प्रशासनतर्फ खर्च लेखाङकन तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्नका लागि नेपाल सरकार, अर्थ

मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयद्धारा निर्मित स्थानीय तहको संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) को पूर्णरुपमा कार्यान्वयन गरिएको छ ।

७.२०. चालु आर्थिक वर्षमा हालसम्म भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न तथा सेवाग्राहीलाई छिटो छरितो सेवा प्रदान गर्ने हेतुले लागु गरिएको EFT(Electronic Fund Transfer) System बाट ५५८८ कारोबार नम्बरबाट ४८ करोड ९२ लाख ११ हजार ३ सय ७५ रुपँया पैसा ७५ वरावरको भुक्तानी कारोवार गरिएको छ ।

७.२१. शून्य बेरूजु नीति अन्तर्गत नगरपालिकाले आफ्नै आन्तरिक लेखापरीक्षकबाट नियमित चौमासिक रुपमा आलेप गर्ने गरेको छ भने अन्तिममा समग्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन जारी गर्ने गरिएको छ साथै गत आवको महालेखाको डोर समक्ष रु ८ करोड ७१ लाख ६६ हजार ९ सय ३२ रुपयाँको सम्परीक्षणको लागि पेश गरेकोमा रु ३ करोड ६९ लाख ४९ हजार रकम सम्परीक्षण भएको छ ।

७.२२. संघ र प्रदेश कानुनले तोकेको कार्यक्रम बाहेक नगरपालिकाको कानुन बमोजिम अन्य कार्यक्रमको हकमा २.५ प्रतिसत कन्टिजेन्सी, ५ लाख भन्दा माथिका योजनाको हकमा २ प्रतिशत मर्मत सम्भारकोष कट्टी र पुँजिगत योजना तथा कार्यक्रमको हकमा १ प्रतिशत प्रकोप व्यवस्थापन कोष कट्टी गरी आयोजनागत कट्टी अनुसार सम्बन्धित कोषलाई Sutra System बाट लेखाङकन गरीएको छ ।

७.२३. कन्टिजेन्सी खर्च गर्दा पहिले खर्च गर्ने म्यानुवल प्रणाली कोष प्रणाली खारेज गरी आयोजनागत कन्टिजेन्सी खर्च गर्ने व्यवस्था लागु गरिएको छ ।

७.२४. आर्थिक प्रशासन शाखाले अघि सारेको सेवा प्रवाहको सिद्धान्त अन्तर्गत One day in-out service लाई निरन्तर रुपमा कार्यान्वयन भई रहेको छ ।

७.२५. वहु क्षेत्रीय पोषण कार्यक्रम अन्तरगतका विभिन्न क्षेत्रसंग सम्बन्धित कार्यक्रमहरु संचालन भई रहेका छन् जसबाट उक्त कार्यक्रमका लक्षीत वर्गकका व्यक्तिहरु लाभान्वित हुने छन् ।

**सभाध्यक्ष महोदय**

अव म चालु आर्थिक वर्षको वजेट तथा कार्यक्रम कार्यान्वयनको क्रममा सामाना गर्नु परेका समस्याहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

क) भौतिक पूर्वाधारका योजना निर्माण गर्दा उपभोक्ता समितिसंग ढिलो सम्झौता हुनु र कार्यक्रम सम्पन्न गरी आ.व.को अन्तिम दिनमा मात्र भुक्तानीका लागि फाइल पेश गर्नु ।

ख) विकास निर्माणमा जन सहभागीता कमजोर स्थिति भएको ।

ग) संघ र प्रदेशबाट प्राप्त कार्यक्रमहरुमा रकम अप्रयाप्त हुदाँ नगरपालिकालाई थप भार परेको ।

घ) वाल विकास कर्मचारी, विद्यालय कर्मचारी तथा शैक्षिक गुणस्तर शिर्षकबाट नियुक्त गरिएका शिक्षकहरु लगायतको तलब भत्ता वित्तीय समानीकरण अनुदानबाट खर्च गर्न नमिल्ने र नगरपालिकाको आन्तरिक आम्दानी न्यून भएको कारण समस्या उत्पन्न भएको ।

ङ) पूर्व सम्भाव्यता र लागत लाभ विश्लेषण विना योजना छनौट गरी कार्यान्वयन गर्नाले अपेक्षित उपलब्धि हासिल हुन नसक्नु ।

च) अत्याधिक टुक्रे योजना हुने भएकाले गुणस्तरीयता कायम गर्न र योजनाको सम्पूर्ण कार्य पुरा गर्न कठिन हुनु ।

छ) समयमै खरिद सम्झौता नगर्नु, सम्झौता अनुसार काम नहुनु, समयमै अनुगमन मुल्यांकन नगरिनु, अनुगमनका क्रममा दिईएका सुझावहरु उपभोक्ता र निर्माण व्यावासीले पालना नगर्नु आदि कारणबाट समयै योजना सम्पन्न गर्न ढिलाई हुनु ।

ज) दक्ष कामदारको अभाब हुनु ।

झ) विगत वर्षहरुमा गरिएका अधुरा कामहरुको जिम्मेवारी लिनुपर्ने अवस्था भएको ।

**सभाध्यक्ष महोदय**

अब म अगामी आर्थिक वर्ष २०८१।०८२ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु । वजेटका उद्देश्य निम्नानुसार प्रस्तुत गरेको छु ।

क) आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन लगायतका क्षेत्रगत योजनाको निर्माण कार्यमा नागरिकहरुलाई प्रत्यक्ष रुपमा रोजगारी प्राप्त गर्ने गरी अन्तरसम्वन्धित गराई दिगो विकासको अवधारणा अनुसारका संरचनाहरु निर्माण गर्ने ,

ख) नागरिकहरुको मौलिक अधिकारको रुपमा रहेको स्वास्थ्य तथा शिक्षा क्षेत्रमा उल्लेख्य उपलव्धी हासिल गर्न संस्थागत विकास लगायत जनशक्ति विकास र क्षमता विकास हुने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

ग) व्यवसायिक कृषि खेती र पशुपालन गर्न कृषकहरुलाई प्रोत्साहन गर्न कृषकमैत्री कार्यक्रमहरुको निर्माण गरी आयात प्रतिस्थापन र निर्यात व्यवस्थापन कार्यमा जोड दिने,

घ) नगरपालिका क्षेत्रमा रहेका धार्मिक एवं सांस्कृतिक पर्यटकीय क्षेत्रको विकास, प्रबर्द्धन र प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटनलाई प्रवर्द्धन गर्ने,

ङ) लक्षित वर्ग समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक सशक्तिकरण गरी समावेशी एवं समन्यायिक विकासको माध्यमवाट रोजगारीको अवसर श्रृजना गर्ने,

च) नेपाल सरकार, कर्णाली प्रदेश सरकार तथा विभिन्न विकास साझेदारहरुसँगको साझेदारीमा नगरपालिकाका ठूला पूर्वाधार विकासमा जोड दिने,

छ) सार्वजनिक श्रोतको प्रभावकारी परिचालन गरी प्राथमिकीकृत लगानी, आर्थिक अनुशासन, नविन प्रविधिको उपयोग र प्रशासनिक सुधार गरी सुरक्षा र सुशासन कायम गर्ने ।

बजेट तथा कार्यक्रमका माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्नको लागि देहाय अनुसारका प्राथमिकताहरु प्रस्तुत गरेको छु ।

क) दिगो विकासका अवधारणा अवलम्वन गर्दै प्रयोगकर्तामैत्री पूर्वाधार निर्माण,

ख) पूर्वाधार निर्माणका लागि अन्तर सरकार तथा विकास साझेदारहरुसँग साझेदारी प्रवर्द्धन,

ग) सामाजिक चेतना, नागरिक सशक्तिकरण, सामाजिक न्याय र समावेशीकरण,

घ) सुशासन प्रवर्द्धन र गुणस्तरीय र पहुँचयोग्य सार्वजनिक सेवा,

ङ) कृषिमा आधुनिकीकरण तथा यान्त्रिकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि,

च) धार्मिक, साँस्कृतिक तथा पर्यापर्यटन प्रवर्द्धन र प्रचार प्रसार,

छ) प्रविधिमैत्री, सिपमूलक, आयमूलक तथा जिवनोपयोगी शिक्षा,

ज) वातावरण संरक्षण तथा विपद, जोखिम व्यवस्थापन,

झ) स्वास्थ्य सेवामा नागरिकको पहुँच वृद्धिका लागि स्वास्थ्य पूर्वाधार, जनशक्ति विकास र संस्थागत सुदृढीकरण,

ञ) आन्तरिक आयमा वृद्धि,

**सभाध्यक्ष महोदय,**

**सम्मानित सभाका सदस्य ज्यूहरु**

अव म आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम र विनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१) दुल्लू नगरपालिकाको प्रशासनिक कार्यसंचालनको लागि नगर कार्यपालिको कार्यालय तर्फ कर्मचारी तलब भत्ता, पदाधिकारीरजनप्रतिनिधि सुविधा, मसलन्द तथा कार्यालय संचालन, इन्धन, बैठक भत्ता, सभा संचालन खर्च, सवारी साधनरमेशिनरी औजार मर्मत सम्भार, क्षमता विकास तालिम संचालन, अतिथि सत्कार, सुचना तथा संचार, पत्रपत्रिका, सुचना प्रकाशन तथा विज्ञापन, विभिन्न पुस्तक छपाइ तथा प्रकाशन, अनुगमन तथा मुल्याङकन खर्च, कर्मचारी कल्याणकारी कोष, सेवा परामर्श खर्च, फर्निचर तथा फिक्चर्स, मेसिनरी औजार लगायतका अन्य चालु प्रकृतिका विविध कार्यक्रम संचालनको लागि रू।१० करोड ७९ लाख ४२ हजार विनियोजन गरेको छु । दुल्लू नगरपालिका अन्तर्गतका विभिन्न बिषयगत शाखाले आगामी आर्थिक वर्षका लागि अघि सारेका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि शाखा व्यवस्थापन तथा कार्यक्रम संचालनका लागि रू १ करोड ६६ लाख ५५ हजार विनियोजन गरेको छु । जस अन्तर्गत शाखाको विवरण तपसिल बमोजिम रहेको छ ।

तपसिलः

| क्र.सं. | शाखाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | दुल्लू अस्पताल | ८० लाख |
| २ | दुल्लू आर्युवेद औषधालय | ५ लाख |
| ३ | पशुपंक्षी विकास शाखा | ७ लाख ९० हजार |

| | | |
|---|---|---|
| ४ | कृषि विकास शाखा | ७ लाख ९० हजार |
| ५ | आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा | ७ लाख ९० हजार |
| ६ | शिक्षा, युवा तथा खेलकुद शाखा | १३ लाख |
| ७ | लैङगिक समानता तथा सामाजिक समावेशिकरण शाखा | ७ लाख ९० हजार |
| ८ | विपद व्यवस्थापन शाखा | १ लाख ९५ हजार |
| ९ | राजश्व शाखा | ५ लाख |
| १० | पञ्जीकरण शाखा | ३ लाख |
| ११ | न्यायिक समिति तर्फ | ६ लाख |
| १२ | सहकारी विकास तथा प्रवर्द्धन | ३ लाख |
| १३ | सामुदायिक आखाँ उपचार केन्द्र | ९ लाख |
| १४ | लघु उद्यम कार्यक्रम साझेदारी | ५ लाख |
| १५ | सेवा केन्द्र विनायक संचालन खर्च | २ लाख |
| १६ | रोजगार सेवा केन्द्र तर्फ | १ लाख |
| १७ | सूचना प्रविधि व्यवस्थापन तर्फ | १ लाख |

२) नगरपालिकाकाको साझेदारीमा संचालित पंचकोशी बहुप्राविधिक शिक्षालय दुल्लू व्यवस्थापन अनुदान रू १५ लाख, नरेश्वर उद्यमशिल विद्यालय संचालन अनुदान रू ५ लाख, पंचकोशी वेद विद्याश्रम संचालन अनुदान रू १० लाख र दुल्लू साँस्कृतिक संग्राहलय संचालन अनुदान तर्फ रू ३ लाख गरी जम्मा रू ३३ लाख विनियोजन गरेको छु ।

३) दुल्लू नगरपालिका भित्र रहेका लक्षित वर्गको उत्थान, संरक्षण तथा जीविकोपार्जनका लागि लक्षित कार्यक्रम संचालनका लागि रू ३८ लाख विनियोजन गरेको छु । लक्षित कार्यक्रम अन्तर्गत महिला लक्षित कार्यक्रमको लागि रू

५ लाख, दलित लक्षित कार्यक्रमको लागि रू ५ लाख, बालबालिका लक्षित कार्यक्रमको लागि रू ३ लाख, आदिवासी जनजाति लक्षित कार्यक्रमको लागि रू २ लाख, युवा तथा खेलकुद लक्षित कार्यक्रमको लागि रू १० लाख, जोखिममा परेका बालबालिकाका लागि सहयोग तर्फ रू ३ लाख, आकष्मिक स्वास्थ्य सहयोग कार्यक्रमको लागि रु ७ लाख र अपाङग लक्षित कार्यक्रमको लागि रू ३ लाख विनियोजन गरेको छु ।

४) दुल्लू नगरपालिकाको विपद् व्यवस्थापन कोषको लागि रू १३ लाख र मर्मत सम्भार कोषको लागि रू १३ लाख विनियोजन गरेको छु ।

५) स्वास्थ्य क्षेत्र तर्फ स्वास्थ्य संस्थामा निशुल्क वितरण गरिने औषधी खरिदका लागि २० लाख, पशुपंक्षीजन्य महामारी रोग नियन्त्रणका लागि औषधी खरिद तथा किसानहरुलाई प्रविधि हस्तान्तरण कार्यका लागि (अनुदानको हकमा लागत साझेदारीमा) रु ७ लाख, कृषिसँग सम्बन्धित कार्यक्रम संचालन तथा किसानका लागि प्रविधि हस्तान्तरण कार्यक्रम (अनुदानको हकमा लागत साझेदारीमा) का लागि रु १० लाख, गर्भवती महिलाका लागि निशुल्क एम्बुलेन्स सेवा (रिफर गर्नुपर्ने अवस्थामा मात्र) का लागि रू १ लाख, क वर्गका अपाङ्ग परिचयपत्र वितरणका लागि यातायात खर्चको लागि रु ५० हजार बजेट व्यवस्था गरेको छु ।

६) दुल्लू नगरपालिकाको गौरवको आयोजना अन्तर्गत नगर उज्यालो कार्यक्रम (नेपाल विद्युत प्राधिकरणको साझेदारीमा) का लागि रु २७ लाख, दुल्लू खानेपानी बोर्ड संचालन तथा व्यवस्थापन मार्फत नागरिकलाई खानेपानी सुविधा उपलब्ध गराउने उद्धेश्य सहित सो को लागि रु ३५ लाख र दुल्लू नगरपालिका क्षेत्र भित्र संचालनको चरणमा रहेको फोहोरमैला प्रशोधन केन्द्रको लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

७) दुल्लू नगरपालिकामा आगामि आर्थिक वर्ष २०८१।०८२ को लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाको साझेदारीमा संचालन हुने योजना तथा

कार्यक्रम कार्यान्वयनका लागि रु ७ करोड ३६ लाख विनियोजन गरेको छु । जस अन्तर्गत तपसिल बमोजिम विनियोजन गरिएको छ ।

तपसिलः

| क्र.सं. | साझेदारीको विवरण | विनियोजित रकम |
|---|---|---|
| १ | संघ सरकार/प्रदेश सरकार समपुरक अनुदान साझेदारी | १ करोड |
| २ | स्थानीय पुर्वाधार सहयोग कार्यक्रम(LISP) | ४ करोड |
| ३ | ग्रेप परियोजना | २५ लाख |
| ४ | सिएमसि नेपालसँगको साझेदारी | ६ लाख |
| ५ | सडक बोर्ड नेपालसँगको साझेदारी | २० लाख |
| ६ | बहुक्षेत्रिय पोषण कार्यक्रम साझेदारी | ५ लाख |
| ७ | जलउपयोग गुरुयोजना कार्यान्वयन(हेल्भेटास र कवास) साझेदारी | ६० लाख |
| ८ | नगरपालिका विविध आकष्मिक योजना संचालन तथा अन्य संघसंस्थाहरूसँगको साझेदारीका लागि | १ करोड २० लाख |

८) दुल्लू नगरपालिका भित्रका १३ वटै वडामा न्युनतम अनुदान, जनसङ्ख्या, भुगोल र राजश्व उठाउन सक्ने क्षमताको आधारमा सुत्रमा आधारित बजेट अनुदान रकम वडास्तरीय योजना कार्यान्वयनका लागि पुँजिगत तर्फ रू ३ करोड ८५ लाख र कार्यालय व्यवस्थापन तथा प्रशासनिक खर्च तर्फ प्रति वडा ५ लाखको दरले रू ६५ लाख चालु खर्च गरी जम्मा रू ४ करोड ५०

लाख विनियोजन गरेको छु । वडाको कार्यालय संचालन खर्च तथा वडास्तरीय योजना संचालनको लागि तपसिल बमोजिमको वडागत रकम विनियोजन गरेको छु ।

तपसिल:

| क्र.सं. | वडा | विनियोजित रकम |
|---|---|---|
| १ | दुल्लू नगरपालिका वडा नं.१ | ३४ लाख |
| २ | दुल्लू नगरपालिका वडा नं.२ | ३३ लाख ५० हजार |
| ३ | दुल्लू नगरपालिका वडा नं.३ | ३७ लाख ५० हजार |
| ४ | दुल्लू नगरपालिका वडा नं.४ | ३१ लाख |
| ५ | दुल्लू नगरपालिका वडा नं.५ | ३५ लाख ५० हजार |
| ६ | दुल्लू नगरपालिका वडा नं.६ | ३९ लाख |
| ७ | दुल्लू नगरपालिका वडा नं.७ | २६ लाख ५० हजार |
| ८ | दुल्लू नगरपालिका वडा नं.८ | ३५ लाख ५० हजार |
| ९ | दुल्लू नगरपालिका वडा नं.९ | ३६ लाख |
| १० | दुल्लू नगरपालिका वडा नं.१० | ३४ लाख ५० हजार |
| ११ | दुल्लू नगरपालिका वडा नं.११ | ३६ लाख |
| १२ | दुल्लू नगरपालिका वडा नं.१२ | ३३ लाख |
| १३ | दुल्लू नगरपालिका वडा नं.१३ | ३८ लाख |
| कुल जम्मा | | ४ करोड ५० लाख |

९) नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई आएका सर्शत अनुदान, विशेष अनुदान र समपुरक अनुदान तर्फ निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्राप्त संघीय सरकार तर्फ रू४४ करोड ९७ लाख ४६ हजार र कर्णाली प्रदेश सरकार तर्फ रु६ करोड ६९ लाख ९० हजार गरी कुल ५१ करोड ६७ लाख ३६ हजार विनियोजन गरिएको छ । जस

मध्येका केही मुख्य - मुख्य निर्धारित आयोजना तथा कार्यक्रम तपसिल बमोजिम रहेको छ ।

तपसिलः

| क्र.सं. | आयोजना तथा कार्यक्रम | विनियोजित रकम | बजेट स्रोत |
|---|---|---|---|
| १ | पन्चकोशी बहु प्राबिधिक शिक्षालयको भौतिक पुर्वाधार निर्माण(क्रमागत) | १ करोड ५० लाख | समपुरक अनुदान संघ |
| २ | दुल्लु अस्पताल पूर्वाधा विकाश दु न पा ५ | १ करोड | समपुरक अनुदान संघ |
| ३ | नरेश्वर उद्यमशील विधालय भौतिक पूर्वाधार निर्माण दु न पा २ | २ करोड ६० लाख | विशेष अनुदान संघ |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रम(आयोजना र रोजगार सेवा केन्द्र संचालनार्थ) | ९० लाख ८४ हजार | संघ सर्शत अनुदान |
| ५ | शिक्षा तर्फको तलब भत्ता तथा विद्यालय अनुदान तर्फ | २७ करोड ६ लाख ६० हजार | संघ सर्शत अनुदान |
| ६ | आयुर्वेद सेवा कार्यक्रम (आयुर्वेद औषधालय) | ५ लाख ५० हजार | संघ सर्शत अनुदान |
| ७ | लघु उद्यम विकास कार्यक्रम | १३ लाख | संघ सर्शत अनुदान |
| ९ | दैलेख जिल्ला दुल्लु ११- कालभैरव स्वास्थ्य चौकी भवन निर्माण भवन | ३८ लाख | संघ सर्शत अनुदान |

| | | | |
|---|---|---|---|
| १० | दैलेख जिल्ला दुल्लु १०- गमौडी स्वास्थ्य चौकी स्तरउन्नती | ३८ लाख | संघ सर्शत अनुदान |
| ११ | दैलेख जिल्ला दुल्लु नगरपालिका दुल्लु अस्पताल भवन निर्माण | २ करोड | संघ सर्शत अनुदान |
| १२ | नाविस्थान मन्दिर धर्मशाला निर्माण दल्लु नपा दैलेख | ९० लाख | संघ सर्शत अनुदान |
| १३ | श्रीस्थान मन्दिर परिसरमा धर्मशाल निर्माण भैरवि १ दैलेख | २७ लाख | संघ सर्शत अनुदान |
| १४ | धुलेश्वर मन्दिरम धर्मशाला निर्माण दुल्लु दैलेख | २७ लाख | संघ सर्शत अनुदान |
| १५ | नविस्थान परिसरमा शिव मन्दिर पूर्वाधार निर्माण भैरवि वडा १ दुल्लु नपा | २७ लाख | संघ सर्शत अनुदान |
| १६ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | १८ लाख | संघ सर्शत अनुदान |
| १७ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ११ लाख ३५ हजार | संघ सर्शत अनुदान |
| १८ | स्वास्थ्यसंस्था कार्यरत कर्मचारीहरूको तलब भत्ता तथा स्वास्थ्य सेवासँग सम्बन्धित विभिन्न कार्यक्रम संचालन खर्च तर्फ | ६ करोड ६१ लाख | संघ सर्शत अनुदान |
| १९ | CTEVT को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | ७ लाख | संघ सर्शत अनुदान |

| | | | |
|---|---|---|---|
| २० | १०० वटा स्थानीय तहमा महिला उद्धमशीलता विकास सहजीकरण केन्द्र संचालन सशर्त अनुदान | २ लाख | संघ सर्शत अनुदान |
| २१ | कृषि तथा पशुपंक्षी विकाससँग सम्बन्धित कार्यक्रमहरु | २५ लाख १७ हजार | संघ सर्शत अनुदान |
| २२ | महाड साजपानी सडक स्तरोन्नती दु.न.पा.१-(मुख्यमन्त्री रोजगार) | १५ लाख | प्रदेश सर्शत अनुदान |
| २३ | बडापोखरा, पानसैन, कृष्णकोट राले बोड सडक निर्माण दु.न.पा.२-(मुख्यमन्त्री रोजगार) | १५ लाख | प्रदेश सर्शत अनुदान |
| २४ | लामादुवाला, स्वामीकार्तिके, मथुरी पिपलघारी पक्की गोरेटो बाटो निर्माण दु.न.पा.३-(मुख्यमन्त्री रोजगार) | १५ लाख | प्रदेश सर्शत अनुदान |
| २५ | स्याउलिया,पंचदेवल, काँडागाँउ, तियाडीमन्दिर पक्की पदमार्ग निर्माण दु.न.पा.४-(मुख्यमन्त्री रोजगार) | १५ लाख | प्रदेश सर्शत अनुदान |
| २६ | अधिकारी मन्दिर पोखरा हुदै दुल्लू अस्पतालसम्म सडक निर्माण दु.न.पा.५-(मुख्यमन्त्री रोजगार) | १५ लाख | प्रदेश सर्शत अनुदान |
| २७ | तल्लो डुङ्गेश्वर तोलिपानी हडेरा हुदै पुसाकोटसम्म सडक स्तरोन्नती दु.न.पा.६-(मुख्यमन्त्री रोजगार) | १५ लाख | प्रदेश सर्शत अनुदान |

| | | | |
|---|---|---|---|
| २८ | पुजारीको घरदेखि कोटडाडा सम्म पक्की सिढी निर्माण दु.न.पा.७-(मुख्यमन्त्री रोजगार) | १५ लाख | प्रदेश सर्शत अनुदान |
| २९ | बड बुढावाडादेखी चगत्रासम्म सडक स्तरोन्नती दु.न.पा.८-(मुख्यमन्त्री रोजगार) | १५ लाख | प्रदेश सर्शत अनुदान |
| ३० | भजनियापोखरी पिपलघाडी सडक स्तरोन्नती दु.न.पा.९-(मुख्यमन्त्री रोजगार) | १५ लाख | प्रदेश सर्शत अनुदान |
| ३१ | पंचकोशी ज्वाला मावि घेरावार तथा गेट निर्माण दु.न.पा.१०-(मुख्यमन्त्री रोजगार) | १५ लाख | प्रदेश सर्शत अनुदान |
| ३२ | पाँचखम्ब संरक्षण तथा पाँचखम्ब देखी दमाईटोलसम्म सडक स्तरोन्नती दु.न.पा ११-(मुख्यमन्त्री रोजगार) | १५ लाख | प्रदेश सर्शत अनुदान |
| ३३ | बिउरोडे पहिरो नियन्त्रण दु.न.पा १२-(मुख्यमन्त्री रोजगार) | १५ लाख | प्रदेश सर्शत अनुदान |
| ३४ | विनायक वडा कार्यालय सडक स्तरोन्नती दु.न.पा १३-(मुख्यमन्त्री रोजगार) | १५ लाख | प्रदेश सर्शत अनुदान |
| ३५ | द्रोणान्चल बहुमुखी क्याम्पस भवन निर्माण | ५० लाख | प्रदेश सर्शत अनुदान |
| ३६ | भानेश्वर मा.वि.भवन निर्माण वडा नं.२ | ४५ लाख | प्रदेश सर्शत अनुदान |

| | | | |
|---|---|---|---|
| ३७ | महेन्द्रजयदेवी मा.वि.भवन निर्माण तथा घेराबार वडा नं.६ | २० लाख | प्रदेश सर्शत अनुदान |
| ३८ | तियाडी मन्दिर पुर्वाधार निर्माण दुनपा ३ नेपा | १५ लाख | प्रदेश सर्शत अनुदान |
| ३९ | पंचकोशी वेद विद्याश्रम शौचालय लगायत अन्य भौतिक पुर्वाधार निर्माण दु.न.पा.१० | १५ लाख | प्रदेश सर्शत अनुदान |
| ४० | देउतीबजै मन्दिर पुनः निर्माण दु.न.पा.१२ | २० लाख | प्रदेश सर्शत अनुदान |
| ४० | हुडुङगे खोला तटबन्धन, दु.न.पा.११ | १५ लाख | प्रदेश सर्शत अनुदान |
| ४१ | शारदा कृषि साझारूख तटबन्धन दु.न.पा.३ थोप्लिपाटा | २० लाख | प्रदेश सर्शत अनुदान |
| ४२ | काफलदुवाला डाँडाखेत खालिखेत हुदै धारा घर माथि लिफ्टिङ सिंचाइ योजना दु.न.पा.१० | १० लाख | प्रदेश सर्शत अनुदान |
| ४३ | तम्तुमा सिंचाइ पाइपलाइन तथा पोखरी निर्माण दु.न.पा.६ | १८ लाख | प्रदेश सर्शत अनुदान |
| ४४ | काफलघाट देखि पिपलखाडासम्म सिंचाइ दु.न.पा.११ | ९ लाख | प्रदेश सर्शत अनुदान |
| ४५ | कृष्ण आधारभुत विद्यालय नारिकामुल पुर्वाधार निर्माण दु.न.पा.३ | १५ लाख | प्रदेश सर्शत अनुदान |

| | | | |
|---|---|---|---|
| ४६ | शहिद स्मृती प्रतिष्ठान बहुउद्देश्यीय सामुदायिक भवन निर्माण दु.न.पा.८ | १ करोड | प्रदेश सर्शत अनुदान |
| ४७ | कर्णाली प्रदेश सरकारको सुत्केरी कोषेली कार्यक्रम | १९ लाख ४० हजार | प्रदेश सर्शत अनुदान |
| ४५ | स्वास्थ्य स्वयमसेविकाहरुलाई प्रोत्साहन | १३ लाख ८० हजार | प्रदेश सर्शत अनुदान |
| ४६ | कृषि तर्फ विभिन्न कार्यक्रम संचालन | ३ लाख ७० हजार | प्रदेश सर्शत अनुदान |
| ४७ | नमुना टोल र वडा घोषणाका लागि पोषण सम्बन्धी कार्यक्रम दु.न.पा.१-१३ | ३० लाख | प्रदेश विशेष अनुदान |
| ४८ | कालभैरव स्वास्थ्य चौकी दु.न.पा.११ | ५६ लाख | प्रदेश समपुरक अनुदान |

१०) नेपाल सरकारको कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको लागि रू २२ करोड विनियोजन गरिएको छ ।

११) विद्यालय कर्मचारी, बालविकास शिक्षक, विद्यालय कार्यालय सहयोगीलाई संघीय सरकारबाट प्राप्त अनुदानमा थप नगरपालिकाबाट आन्तरिक स्रोतबाट व्यहोर्ने गरी थप प्रोत्साहन स्वरुप पारिश्रमिक उपलब्ध गराउनका लागि रु २६ लाख विनियोजन गरेको छु ।

१२) दुल्लू नगरपालिकाको नगर प्रहरीको गठन तथा व्यवस्थापन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१३) यस नगरपालिकाका मुख्य बजार क्षेत्रको सुरक्षा व्यवस्थापनलाई व्यवस्थित गर्न सिसि क्यामरा जडानका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१४) लागु औषध दुर्वेशनी नियन्त्रण तथा व्यवस्थापनका लागि सरोकारवालाहरुसँग साझेदारीमा विभिन्न कार्यक्रम संचालनका लागि रु १ लाख बजेट विनियोजन गरेको छु ।

१५) यस नगरपालिकामा हुने आकष्मिक घटना एवम् अन्य प्रकृतिबाट व्यवस्थापन गर्नुपर्ने शवहरुलाई व्यवस्थापनका लागि शव-वाहन खरिद गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१६) यस नगरपालिकाको संस्कृती, पर्यटन तथा ललितकला प्रर्वद्धनको लागि संस्थागत रुपमा विभिन्न कार्यक्रम तथा शाखा संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१७) दुल्लू-भैरवी क्षेत्रको किसानसँग सम्बन्धित कफि खेतिको लागि पुर्वाधार निर्माण, सिँचाइ पोखरी निर्माण, सिँचाइ पाइप व्यवस्थापन, खाल्डो खन्ने मेसिन लगायतका सामाग्री व्यवस्था गरी कफि खेतिलाई पालिकाको आम्दानीको स्रोतको रुपमा जोड्न तथा उत्पादनमा वृद्धि गर्न प्रोत्साहनका लागि रु २ लाख बजेटको व्यवस्था गरेको छु ।

१८) नगरपालिका र दैलेख प्लससँगको साझेदारीमा एच.आई.भि. संक्रमित तथा प्रभावितहरुलाई पोषण, कापि, कलम, झोला, कपडा उपलब्ध गराउने तथा जनचेतनामुलक कार्यक्रम संचालन गर्नका लागि रु ५० हजार बजेट विनियोजन गरेको छु ।

१९) नेपाल रेडक्रस सोसाइटी र यस नगरपालिकाको साझेदारीमा संचालित हुने गरी पालिका भित्रका विपन्न तथा आर्थिक अवस्था कमजोर भएका नागरिकलाई आफ्नै पालिकाभित्र न्यूनतम शुल्कमा मोतिबिन्दुको शल्यक्रिया

गरी अन्धोपना निवारण कार्यका लागि रु १ लाख बजेट विनियोजन गरेको छु ।

२०) नगरस्तरीय विशेषज्ञ डाक्टर सहितको बृहत स्वास्थ्य शिविर संचालनका लागि रु ५ लाख विनियोजन गरेको छु ।

२१) यस नगरपालिकाको समन्वय तथा साझेदारी र तपसिल बमोजिमका सरकारी तथा गैर-सरकारी संघ संस्थाको आर्थिक तथा प्राविधिक सहयोगमा संचालन हुने गरी प्रस्ताव पेश भएका देहायका कार्यक्रम सम्बन्धित संस्थाहरुबाट नै कार्यान्वयन हुने गरी यस पालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरेको छु ।

**तपसिल:**

| क.सं. | साझेदारको नाम | मुख्य कार्यक्रम | विनियोजन |
|---|---|---|---|
| १ | यु.एस.ए.आइ.डी मोमेन्टम नेपाल परियोजना | प्राइभेट हेल्थकेयर डेलिभरी कार्यक्रम | १० लाख ९४ हजार ४ सय |
| २ | यु.एस.ए.आइ.डी कर्णाली जल परियोजना | खानेपानी तथा सरसफाई योजना-४, स्रोत संरक्षण-२ र क्षमता विकास कार्यक्रम | १ करोड ७६ लाख ३५ हजार |
| ३ | लि-बर्डको ग्रिन इभोलुसन परियोजना | पर्यावरणीय कृषि प्रणालीमा आधारित उत्थानशिल, दिगो र समतामुलक स्थानीय खाद्य प्रणाली रुपान्तरण मार्फत हरेक नागरिकको सुरक्षिततथा पर्याप्त खानाको अधिकार र खाद्य सम्प्रभुता प्रवर्द्धमा योगदान गर्ने कार्यक्रम | ११ लाख ४४ हजार ५ सय |

| | | | |
|---|---|---|---|
| ४ | सामाजिक सेवा केन्द्र सोसेक-ग्रिन कर्णाली परियोजना | कर्णाली नदी बेसिनमा जलवायु उत्थानशिल तथा महिला उत्तरदायी कृषि र उद्यम | ४१ लाख |
| ५ | सामाजिक सेवा केन्द्र सोसेक-बालिका सशक्तिकरण परियोजना | सामाजिक विभेदलाई न्यूनिकरण गरी पोषण, स्वच्छता र सामाजिक न्याय प्रवर्द्धनका लागि अति सीमान्तकृत बालबालिकाको आर्थिक सामाजिक र साँस्कृतिक अधिकार सुनिश्चित कार्यक्रम | १२ लाख |
| ६ | सामाजिक सेवा केन्द्र सोसेक-हातेमालो | हाम्रो आवाज, हाम्रो सहभागीता कार्यक्रम | ३० लाख |
| ७ | सामाजिक सेवा केन्द्र सोसेक-हेल्भेटास नेपाल | एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम | २ करोड ३९ लाख ७० हजार १ सय ७५ |
| ८ | एभरेष्ट क्लब-पावर 4AY परियोजना | असमानता र भेदभावबाट सबैभन्दा बढी प्रभावित किशोर किशोरी तथा युवाको जीवनस्तरमा सुधार कार्यक्रम | ६० लाख ६५ हजार १ सय |

| | | | |
|---|---|---|---|
| ९ | वान हर्ट वर्ल्डवाइड र एभरेष्ट क्लब | स्थानीय सरकारको साझेदारीमा मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा सुदृढीकरण | ८ लाख २२ हजार ८ सय २ रूपैंया |
| १० | सि.एम.सि.नेपाल | कर्णाली मानसिक स्वास्थ्य कार्यक्रम | २८ लाख ८७ हजार ५ सय ५२ रूपैंया |

**सभा अध्यक्ष महोदय ,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१) आगामी आ.व. २०८१।०८२ का लागि गरिएको खर्च व्यहोर्ने स्रोत निम्नानुसार स्रोतबाट अनुमान गरेको छु ।

| अनुदान | आय अनुमान | अक्षरुपी |
|---|---|---|
| संघ समानिकरण अनुदान | १२,१७,००,०००.०० | बाह्र करोड सत्र लाख रूपैंया मात्र |
| संघ सशर्त अनुदान | ४०,०७,९४,०००.०० | चालिस करोड सात लाख चौरानब्बे हजार रुपैंया मात्र । |
| संघ विशेष अनुदान | २,६०,००,०००.०० | दुई करोड साठी लाख रुपैंया मात्र । |
| संघ समपुरक अनुदान | २,५०,००,०००.०० | दुई करोड पचास लाख रूपैंया मात्र । |
| संघ राजश्व बाँडफाँड | १२,८६,००,०००.०० | बाह्र करोड छयासी लाख रूपैंया मात्र |

| | | |
|---|---|---|
| प्रदेश समानिकरण अनुदान | १,४४,३२,०००.०० | एक करोड चौवालिस लाख बत्तिस हजार रुपैंया मात्र । |
| प्रदेश सशर्त अनुदान | ५,८५,७०,०००.०० | पाँच करोड पचासी लाख सत्तरी हजार रूपैंया मात्र । |
| प्रदेश विशेष अनुदान | ३०,००,०००.०० | तिस लाख रूपैंया मात्र । |
| प्रदेश समपुरक अनुदान | ५६,००,०००.०० | छपन्न लाख रूपैया मात्र । |
| प्रदेश राजश्व बाँडफाँड | ३५,८४,४११.०० | पैतिस लाख चौरासी हजार चार सय एघार रुपैंया मात्र । |
| आन्तरिक राजश्व | ७७,००,०००.०० | सतहत्तर लाख रुपैंया मात्र । |
| सामाजिक सुरक्षा | २२,००,००,०००.०० | बाइस करोड रुपैंया मात्र । |
| अल्या | ०.०० | |
| कुल जम्मा | १,०१,४९,८०,४११.०० | एक अर्ब एक करोड उनानपचास लाख असी हजार चार सय एघार रुपैंया मात्र । |

२) दुल्लू नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१।०८२ को लागि कुल बजेट मध्ये ७५ करोड १७ लाख ८० हजार ४ सय ११ रुपैंया चालु तर्फ र पुँजिगत तर्फ २६ करोड ३२ लाख रुपैया गरी कुल १ अर्ब १

करोड ४९ लाख ८० हजार ४ सय ११ रुपैया को बजेट पेश गरेको छु । जसमध्ये चालु खर्च तर्फ ७४।०७ प्रतिशत र पुँजिगत तर्फ २५।९३ विनियोजन गरिएको छ । यो खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा ३।७५ प्रतिशतले कम हो ।

**सभा अध्यक्ष महोदय ,**

अब म आगामी आर्थिक वर्ष २०८१।०८२ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१) कर करले होइन, रहरले तिर्ने भन्ने मान्यता अनुसार कर प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाई करदातामैत्री कर प्रशासन मार्फत् राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन र सोको आर्थिक र सामाजिक न्यायका लागि उपयोग गर्ने नीति लिइनेछ । शिक्षा, स्वास्थ्य लगायतका आधारभुत सेवा सुविधामा लगानी वृद्धि एवम् नागरिकको पहुँच विस्तार गरी जीवनस्तरमा सुधान ल्याउन, नगरको पुर्वाधार विकासका लागि आवश्यक स्रोत जुटाउन र नागरिक हित एवम् सामाजिक-आर्थिक न्याय प्रत्याभुत गर्न राजश्व परिचालनलाई दिगो, भरपर्दो, व्यवस्थित र अनुमानयोग्य बनाउनु राजश्व नीतिको मुख्य उदेश्य हुनेछ । उपयुर्क्त उदेश्य हासिल गर्न देहाय बमोजिमको राजश्व नीति अवलम्बन गरिनेछ ।

क) कराधारको संरक्षण गर्नुको साथै नीतिगत छिद्रको दुरूपयोग र सबै किसिमका अनौपचारिक एवम् अवैध आर्थिक कारोबारलाई निरुत्साहित गर्दै सबै करयोग्य क्रियाकलापलाई करको दायरामा ल्याई कराधार विस्तार गर्ने,

ख) कर प्रणालीलाई सरल, सहज, मितव्ययी, प्रविधिमैत्री, स्वचालित, पारदर्शी र करदातामैत्री बनाई स्वेच्छिक कर सहभागिता एवम् कर परिपालना अभिवृद्धि गर्ने,

ग) स्थानीय तहको एकल र साझा अधिकारी क्षेत्रका आर्थिक क्रियाकलापाई करको दायरामा ल्याई राजश्व वृद्धि गर्ने,

घ) करदाता शिक्षा र सचेतामुलक कार्क्रमको माध्यमबाट करको दायरा विस्तार एवम् कर परिपालना अभिवृद्धि गर्नु,

ङ) राजश्व प्रशासनको दक्षता र व्यावसायिकता अभिवृद्धि गर्नु,

**सभाध्यक्ष महोदय,**

सम्मानित सभाका सदस्य ज्यूहरु

प्रस्तुत वजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी समृद्ध दुल्लू नगरपालिका निर्माण गर्नमा सहयोग तथा सहकार्यका लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, नगरपालिकाका कर्मचारीहरु, आम नागरिक र सम्पूर्ण वुद्धिजीवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

अन्त्यमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा रचनात्मक सल्लाह, सुझाव तथा सहयोग प्रदान गर्नुहुने वडा अध्यक्ष ज्यूहरु, कार्यापालिका सदस्य ज्यूहरु, विभिन्न राजनीतिक दलहरु, जनप्रतिनिधी ज्यूहरु, विषयगत समितिका संयोजक एवम् सदस्य ज्यूहरु, नागरिक समाज, पत्रकार ज्यूहरु, विभिन्न विकास साझेदार निकाय तथा कर्मचारी मित्रहरु लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु । बजेट तथा कार्यक्रमको तर्जुमा कार्यमा अहोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।**